मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक १९३ • २०८० साल जेठ ११ गते बिहिबार • Thursday 25, May 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

# बढ्यो जनसंख्या, बढेन रोजगारी

## तथ्यांकमा मधेश

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जनसंख्याः ६१,१४,६०० <br> पुरुषः ३०,६५,७५१ (५०.१४%) <br> महिलाः ३०,४८,८४९ (४९.८६%) <br> सबैभन्दा बढी जनसंख्याः धनुषा (८,६७,७७४) <br> सबैभन्दा कम जनसंख्याः पर्सा (६,५४,४७१) | साक्षरताः <br> साक्षरता दरः ६३.५% <br> पुरुष साक्षरताः ७२.५% <br> महिला साक्षरताः ५४.७% | शिक्षामा पहुँच <br> कक्षा १-५ अध्ययन गर्नेः ३३% <br> एसएलसी(एसइइ) अध्ययन गर्नेः ७.६% <br> एसइइ भन्दा माथि अध्ययन गर्नेः १४.५% <br> बेरोजगारीः ४६.५% | वैदेशिक रोजगारी <br> विदेश पठाउने परिवारः २,५२,०१५ <br> विदेशमा रहेको संख्याः ३,०४,२८६ <br> विदेशिनेको प्रतिशतः २१.८% <br> विदेशिएकामा पुरुषः ९६.१% <br> महिलाः ३.९% <br> हरेक एकसय घरमा २१ घरपरिवार विदेशमा। | खानेपानीको स्रोतः <br> ट्युबबेल हातेपम्पः ७१.८% , <br> धारा, पाइपः २२.६% <br> खुला इनार प्रयोग गर्नेः २.२% <br> नदी तथा खोलाबाट खानेपानी प्रयोगः १.२% | खाना पकाउने स्रोतः <br> काठदाउरा र गुइँठाः ५८.६% | शौचालय सुविधाः <br> शौचालय भएकाः ८८% <br> नभएकाः १२% | विकराल समस्या <br> बालविवाहः <br> १०-१४ वर्ष उमेर (९.३%) | देखिएको प्रगतिः <br> बिजुलीको पहुँचः ९७.७% <br> महिलाका नाममा घर वा जग्गाः २५.२% <br> महिलाका नाममा घरजग्गाः १२% |

*स्रोतः तथ्यांक कार्यालय धनुषा।*

**प्रमोदकुमार साह**
**जनकपुरधाम।**
मधेश प्रदेशमा विगतको तुलनामा जनसंख्या ह्वातै वृद्धि भएको छ। प्राप्त तथ्यांकअनुसार मधेश प्रदेशको जनसंख्या ६१ लाख १४ हजार ६ सय पुगेको छ । जबकि २०६८ को जनगणनामा ५४ लाख ४ हजार १ सय ४५ थियो।

बुधबार तथ्यांक कार्यालय धनुषाले सार्वजनिक गरेको तथ्यांकमा मधेश प्रदेशमा पुरुषको संख्या ३० लाख ६५ हजार ७ सय ५१ अर्थात ५० दशमलव १४ प्रतिशत छ भने महिलाको जनसंख्या ३० लाख ४८ हजार ८ सय ४९ अर्थात ४९ दशमलव ८६ प्रतिशत छ। लैंगिक अनुपात प्रतिसय जना महिलामा पुरुषको संख्या १०० दशमलब ५५ प्रतिशत छ । मधेश प्रदेशको जनगणना अवधिको वार्षिक औसत जनसंख्या वृद्धिदर १ दशमलव १९ प्रतिशत छ। जिल्ला अन्तर्गत सबैभन्दा बढी वार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला रौतहटमा १ दशमलव ६३ प्रतिशत र सबैभन्दा कम वार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला पर्सा छ । जसको वृद्धिदर शून्य दशमलब ८२ प्रतिसत छ।

जनगणनाको नतिजाअनुसार मधेश प्रदेशको जनघनत्व प्रतिवर्गकिलोमिटर क्षेत्रफलमा ६ सय ३३ प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ मा ५ सय ५९ थियो। जिल्ला अन्तर्गत सबैभन्दा धेरै जनघनत्व धनुषामा ७ सय ३५ प्रतिवर्गकिलोमिटर र सबैभन्दा कम पर्सामा ४ सय ८४ जना प्रतिवर्गकिलोमिटर छ।

मधेशमा जनसंख्याको ५७ दशमलब ७ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका छन् भने १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या क्रमशः ३३ दशमलब २ प्रतिशत र ९ दशमलब १ प्रतिशत छ। प्रतिपरिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ५ दशमलव २९ छ भने परिवारको आकारअनुसार रौतहटमा सबैभन्दा बढी ५ दशमलव ९४ र सप्तरीमा सबैभन्दा कम ४ दशमलव ८१ छ। तथ्यांक विभागले नगरपालिकालाई हिर र गाउँपालिकालाई ग्रामीण क्षेत्रमा तुलना गरेर तथ्यांक संकलन गर्दा सबैभन्दा बढी ७३ प्रतिशत जनसंख्या नगरपालिकामा र २७ प्रतिशत जनसंख्या गाउँपालिकामा छ। त्यसैगरी, मधेश प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी जनसंख्या धनुषामा ८ लाख ६७ हजार ७ सय ७४ र सबैभन्दा कम जनसंख्या पर्सामा ६ लाख ५४ हजार ४ सय ७१ को बसोबास छ।

संघीयतापछि घरघरमा सरकारको अनुभूति दिलाउन तीन तह निर्माण गरिए पनि मधेशमा खानेपानीको समस्या समाधान हुनसकेको छैन । मधेश प्रदेशमा खानेपानीको मुख्य स्रोतको रुपमा जनसंख्याको ७१ दशमलब ८ प्रतिशत परिवारले मुख्यरुपमा टयुबबेल हातेपम्प प्रयोग गरेको देखिएको छ भने २२ दशमलब ६ प्रतिशतले धारा र पाइपको प्रयोग गरेको देखिएको छ। जबकि खुला इनार प्रयोग गर्नेको संख्या २ दशमलव २ प्रतिशत र नदी तथा खोलाबाट खानेपानी प्रयोग गर्ने १ दशमलव २ प्रतिशत छ।

त्यसैगरी, मधेशमा शिक्षाको प्रभाव बढ्दै गए पनि अझै काठदाउरा र गुइँठा प्रयोग गरी खाना पकाउने परिवारको संख्या जनसंख्याको आधाभन्दा बढी छ । अर्थात् कुल ५८ दशमलब ६ प्रतिशतले यस्ता सामग्री प्रयोग गरेर खाना पकाउँदै आएका छन्।

मधेशमा परिवर्तनको रुपमा विद्युतीय प्रयोगलाई लिन सकिन्छ, प्रदेशमा अघिल्लो जनगणनामा बिजुली प्रयोग गर्ने परिवारको ५९ दशमलव ७ प्रतिशत रहेकोमा अहिले ९७ दसमलब ७ प्रतिसत पुगेको छ जुन मधेश प्रदेशका लागि खुसीको कुरा हो । त्यसैगरि महिलाका नाममा घरजग्गा रहेको तथ्यांक हेर्ने हो भने मुलुकमै मधेश प्रदेशले फड्को मारेको देखिन्छ। जहाँ एकातिर मधेशमा महिला हिंसा बढी हुन्छ भनेर आरोप लगाईन्छ भने अर्कातर्फ महिलाका नाममा घरजग्गाको अधिकारमा पनि मुलुकमै बढी प्रतिशत मधेशमै रहेको तथ्यांकबाट स्पष्ट भएको छ। तथ्यांकअनुसार मधेश प्रदेशमा २५ दशमलव २ प्रतिशत परिवारमा महिलाका नाममा घर वा जग्गा या घरजग्गा दुवै छ, महिलाका नाममा घर र जग्गा दुवै हुने परिवार १२ प्रतिशत छन्। यो संख्या २०६८ को तुलनामा २ दशमलव ७ प्रतिशत हो।

मधेश प्रदेशबाट देशमै सबैभन्दा बढी विदेशिने संख्या छ जुन तथ्यांकले अझै स्पष्ट गरेको छ। मधेशमा २ लाख ५२ हजार १५ परिवारबाट ३ लाख ४ हजार २ सय ८६ जना (२१ दशमलव ८ प्रतिशत) परिवारमा अनुपस्थित रही विदेशमा छन्, जसमध्ये पुरुष ९६ दशमलव १ प्रतिशत र महिला ३ दशमलव ९ प्रतिशत छ। समग्रमा हेर्ने हो भने हरेक सय घरपरिवारमा २१ घर परिवार विदेशिएका छन्। बालविवाहबाट बदनाम हुँदै आएको मधेश प्रदेशको अवस्थामा क्रमशः केही सुधार हुँदै आएको देखिएको छ । प्राप्त तथ्यांक अनुसार ३९ दशमलव ५ प्रतिशत अर्थात ४२ दशमलव ७ प्रतिशत पुरुष र ३७ प्रतिशत महिलाको पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखिएको छ। दशदेखि चौध वर्षको उमेरमा पहिलो विवाह हुनेको संख्या ९ दशमलव ३ प्रतिशत छ। जुन अहिले पनि डरलाग्दो विषय हो।

मधेशमा साक्षरता दर पनि बढेको देखिएको छ। मधेश प्रदेशका ५ वर्ष वा सो भन्दा बढी

बाँकी पृष्ठ २ मा

## भाषा र जातजातिको तथ्यांक नै सार्वजनिक गरिएन

तथ्यांक विभागले मधेशको भाषाको अवस्था र जातजातिको अवस्थाका विषयमा तथ्यांक नै सार्वजनिक गरेन। यसप्रति सहभागीले आवाज उठाएपछि तथ्यांक कार्यालय धनुषाका प्रमुख विमल कुमार यादवले थप विश्लेषण गर्नुपर्ने भएकाले भाषा र जातजातिको तथ्यांक सार्वजनिक नगरिएको बताए। उनले भने, 'मुलुकमा विभिन्न आयोग छन्, सबै आयोगबाट प्राप्त सुझाव संकलन गरी यो महिनाको अन्त्यसम्ममा भाषा र जातजातिको तथ्यांक सार्वजनिक गर्नेछौं ।'



# '१०-१५ लाख बाँडेर कार्यकर्ता पाल्ने काम अन्त्य गरिन्छ'




'अबका दिनमा जिल्लामा ठोस काम हुन्छ, जुन कामको सर्वसाधारण सबैले अनुभूति गर्नेछन् । अब हुने कामले मधेश सरकार र काम गराउने व्यक्ति तथा पार्टीको समेत नाम रोशन हुनेछ ।'

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाली कांग्रेस मधेश प्रदेश सभापति तथा भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारद्वारा विकासका नाममा ठोस काम हुने प्रतिवद्धता जनाएका छन् । बिगतमा मधेश प्रदेशका कैयौँ मन्त्रीद्वारा १०-१५ लाख बाँडेर कार्यकर्ता पाल्ने काम भएको बताउँदै मन्त्री यादवले अब त्यसो नहुने बताए। मन्त्रीको जिम्मेवारी पाएपछि गृहजिल्ला रौतहट आइपुगेका यादवको सम्मान तथा स्वागतमा नेपाली कांग्रेस रौतहटले कार्यक्रम गरेको थियो। सदरमुकाम गौरस्थित पार्टी कार्यालयमा आयोजित कार्यक्रममा मन्त्री यादवले कार्यकर्तालाई पैसा बाँडेर कसैलाई व्यक्तिगत फाइदा भए पनि समग्रमा देशलाई ठूलो क्षति हुने बताए। 'अबका दिनमा जिल्लामा ठोस काम हुन्छ, जुन कामको सर्वसाधारण सबैले अनुभूति गर्नेछन्,' उनले भने, 'अब हुने कामले मधेश सरकार र काम गराउने व्यक्ति तथा पार्टीको समेत नाम रोशन हुनेछ।'

उनले विकास निर्माणका कामले जिल्लालाई अगाडि बढाउने बताए। मानव सूचकांकमा सबभन्दा पछाडि रहेको रौतहटलाई अगाडि बढाउन सबै एकजुट हुन उनले आग्रह गरे। स्वर्गीय शेख इदरिसका नामले चिनिने रौतहटबारे आफूसमेत अनुयायी रहेको उनले बताए। पहिलोपटक मन्त्री हुँदा अवसर र चुनौती दुबै रहेकाले विकास निर्माणलगायतका काममा सबै नेता कार्यकर्ताको सहयोग अपरिहार्य रहेको यादवले बताए।

आउँदा दिनमा नेपाली कांग्रेसभित्र युवाको नेतृत्व आवश्यक रहेको तथा पार्टी एवम् संगठन सुदृढिकरणमार्फत आगामी निर्वाचनमा रौतहट कांग्रेसमय बनाउने उनले उद्घोष गरे । कार्यक्रममा कांग्रेस जिल्ला सभापति तथा प्रदेश सांसद सुनील यादव जितेन्द्र, नेता रामचन्द्र गिरिले पिछडिएको रौतहटलाई विकासको माध्यमले अगाडि बढाउन आग्रह गरे । कांग्रेसका नेताहरू हृदय नारायण यादव, रामास्नेही यादव, कटहरियाका मेयर अजयप्रकाश जैसवाल, सर्फलाल गुप्ता, सुनील यादवलगायत जिल्लाका नेता कार्यकर्ता सहभागी थिए।

# मुख्यमन्त्रीसँग एमाले-माओवादी आक्रामक




**किरण कर्ण**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको गठबन्धनमा रहेको नेकपा माओवादी केन्द्र मुख्यमन्त्रीप्रति आक्रामकसँग प्रस्तुत भएको छ। मंगलबार मन्त्रिमण्डल गठनमा माओवादीलाई परामर्श नगरेको आक्रोश माओवादीले प्रदेश सभा बैठकमा देखाउन थालेको छ। सत्ता गठबन्धन घटक माओवादी मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले बुधबारको बैठकमा मुख्यमन्त्री सरोजकुमार यादवलाई खबरदारी गर्दै शब्दशब्दमा गम्भीर भएर बोल्न चेतावनी दिए। उनले भने, 'मुख्यमन्त्रीले भ्रष्टाचार अन्त्य गर्ने वाचा गर्नु भन्दा भ्रष्टाचार न्यूनिकरण गर्छु भनेर बोल्दा सही शब्द चयन हुनसक्छ।' साहले प्रदेश सरकारबाटै कमिसनमा योजना वितरण भइरहेको भन्दै कडा आलोचना गरे। साहले भने, 'सरकार गठन भएको चार महिना बितेको छ, सरकारको मूल्यांकन गर्नुपर्ने बेला अहिले नै आएको छैन। तर तपाईं कछुवाको गतिमा गुड्दै हुनुहुन्छ, काम गर्नुहोस्, हामी तपाईंकै साथमा छौं।'

उनले मुख्यमन्त्रीलाई नै लक्षित गरी भने, 'मुख्यमन्त्रीजीकै पालिकामा १० प्रतिशत कमिसन लिएर योजना बिक्री वितरणको काम भइरहेको पाइएको छ, बारामै कर्मचारी र जनप्रतिनिधिले कमिसन माग्ने र नगदमा योजना दिने गरी खरिद बिक्री भइरहेको छ, तत्काल यस्ता गलत कार्य बन्द गरियोस्। दश प्रतिशतमा योजना पाइन्छ भन्ने लेखेर अर्थमन्त्रालयमा झुण्ड्याउनुस्।'

अर्थमन्त्रालयमै कमिसन लिएर विकास निर्माणको योजना बिक्री वितरण हुनु दुर्भाग्य रहेको उनको भनाइ छ। उनले मधेश सरकारलाई मितव्ययी बन्न आग्रह गर्दै मधेश प्रदेश सरकार मातहत रहेका बेकामे जनलोकपाल आयोगलगायतका प्रतिष्ठान खारेज गर्न माग गरे। उनले आयोग र प्रतिष्ठानका नाममा भइरहेको अनाहकको करोडौं रुपैयाँ खर्च बन्द गर्न माग गरे।

बालुवाटारबाट मन्त्रिमण्डल गठन बन्द होस्
नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले बालुवाटारको मुख ताकेर प्रदेश सरकार विस्तार गरिएको खेल अन्त्य गर्न माग गरेका छन्। पूर्वमन्त्रीसमेत रहेका सरोजकुमार यादवले बालुवाटारबाटै मुख्यमन्त्रीदेखि मन्त्रीसम्म चयन गरिनु संघीयताको मर्मविपरीत रहेको बताए। उनले कुनै नेताको गलत कामले संघीयतामाथि असर पर्ने गरी संघीयतालाई कमजोर नबनाउन आग्रह गर्दै बालुवाटारबाट मधेश सरकार पुनर्गठनको काम हुनु गलत रहेको टिप्पणी गरे। उनले मधेश सरकार छाडेपछि गाडीसहित सरकारका हरेक सामग्री बुझबुझारथ गरिएपछि मुख्यमन्त्रीबाटै सरकारी सवारीसाधनको दुरुपयोग भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै सरकारले दुरुपयोग नरोके कडा कदम उठाउन बाध्य हुने चेतावनी दिए। उनले मुख्यमन्त्रीलाई स्मरण गराउँदै भने, 'मुख्यमन्त्री एमालेकै समर्थन बनेको थियो, अहिले एमालेले सरकार छाडेलगत्तै हामीले सरकारलाई गाडी बुझबुझारथ गरिसकेका छौं, तर अझै पनि सरकारको सार्वजनिक गाडी दुरुपयोग भइरहेको छ। यसतर्फ गम्भीररुपमा कारबाही प्रक्रिया अघि बढाओस्।'

उनले भारतको सीमासँग जोडिएको मधेश प्रदेशमा भारतको सीमानाकाबाट दैनिक जीवनयापनका खाद्यान्न सामग्री ल्याउने क्रममा सशस्त्र र प्रहरीले कुटपिट गरेको आरोपसमेत लगाए। उनले यसका लागि मधेश प्रदेश सरकार र संघीय सरकारसँग आमनिमुखा जनतासँग सुरक्षानिकायले गलत व्यवहार गरिरहेकोप्रति ध्यानाकर्षण गराए।

## कमिसनदेखि विकास निर्माणसम्मका बात




प्रदेशसभको बैठक सत्रको विशेष समयमा प्रदेशसभा सदस्यहरुले मधेश प्रदेश सरकारले जनतालाई मधेश सरकार रहेको भनी अनुभूति दिलाउन नसकेको भन्दै विभिन्न सुझावसमेत दिएका छन् । उनीहरुले सरकारकै प्रतिनिधिले आफूसँग २० प्रतिशतसम्म कमिसन माग्नु लाजमर्दो कुरा रहेको खुलाए।

प्रदेशसभा सदस्य राजकुमार लेखीले संघीयता र संघीय प्रणालीको छलफल गर्नुपर्ने आवश्यकता रहेको औँल्याए। उनले विभिन्न आन्दोलनको उपलब्धीका रुपमा रहेको संघीयता शासन प्रणालीमार्फत, स्वशासन तथा जनताको सरोकारका विषयमा जनतामै लैजानुपर्नेमा त्यसो गर्न नसक्नु दुःखद भएको बताए।

उनले संघीयताको नाममा २० प्रतिशत कमिसनमा विकास निर्माणका योजना सरकारबाटै बिक्री वितरण भइरहेको भनी पान पसलदेखि चिया पसलसम्म चर्चाको विषय रहेको बताए। उनले भने, 'संघीयताको कुरा गरेर कुशासन, भ्रष्टाचार कमिसनको कुरा गर्ने हो भने हामी पनि बदनाम हुन्छौं, कुशासन अन्त्य गरौं, शासनका लागि अघि बढौं।'

त्यस्तै, श्यामप्रसाद पटेलले आफू सत्ता गठबन्धनकै सांसद रहे पनि कमिसन मागिनु लाजमर्दो रहेको बताए। उनले पीडा सुनाए, 'मेरो पनि पीडा छ, सदनमा उठ्ने गरेका विभिन्न समस्याका सवालबारे मधेश सरकारले सम्बोधन नगर्दा दुःख लाग्छ, यो सरकारले उदाहरणीय र जनताको दिल जित्ने काम गरोस् भन्ने कामना रहे पनि जनताका समस्या र पीडा सुन्ने काम मात्र भएकाले जनताको दिल कसरी जित्न सक्छ ?' उनले थपे, 'मन्त्रीहरुले यसका लागि अहिलेसम्म पनि काम थालेका छैनन्। नीति तथा कार्यक्रम बजेट ल्याउने पूर्वसन्ध्यामा रहे पनि सबै मधेश प्रदेशको मुख्य स्रोत कृषि रहेकाले कृषि केन्द्रित बजेट आओस् भन्ने आग्रह छ।'

त्यसैगरी नेकपा एमाले मधेश प्रदेश संसदीय दलका उपनेता दीपेन्द्रकुमार ठाकुरले मधेश सरकारसँग भएका अधिकारलाई सदुपयोग गर्नै नसकेको भन्दै अधिकार नै नभएका कुरामा लागेर क्रान्तिकारी बन्न खोज्नु बेठीक भएको बताए।

उनले मधेश सरकारसँग रहेका विभिन्न ऐन कानुन लागु गराउन नलाग्नु र कहिले कार्यान्वयन हुने भन्ने पनि थाहा नहुनु दुःखद रहेको बताए। उनले मधेश प्रदेश सरकारबाट खेलकुद मन्त्रालय हटाएकामा सरकारको कडा आलोचना गरे।

जसपा नेपाल मधेश प्रदेश संसदीय दलका उपनेता रामअशिष यादवले समृद्धि र अतितको अदभूत प्रतिरुपमा रामायणकालीन धनुषाधाम देवभूमि रहेकाले यसमा प्रदेश सरकारले लगानी गरेर अक्सिजन प्लान्ट क्षेत्रका रुपमा विकास गर्न सकिने बताए। उनले यसका लागि मधेश प्रदेश सरकारको ध्यान जानु आवश्यक रहेको बताए। उनले धनुषाधामस्थित वनजंगललाई प्रादेशिकस्तरको वनस्पति उद्यान वनजंगल निर्माणका लागि ध्यान दिनुपर्नेमा जोड दिए।

त्यस्तै, प्रदेशसभा सदस्य सत्रुधनप्रसाद सिंहले विकास निर्माणका काममा रहेका सांसदलाई पनि वडा कार्यालयबाट लेखाएर ल्याउनुपर्ने भन्दै काम गर्न नदिने कर्मचारीलाई तत्काल सरुवा गरिनु पर्ने माग गरे।

त्यस्तै, प्रदेशसभा सदस्य ललिता दासले बालुवा गिटी अवैध तरिकाले उत्खनन् तीव्ररुपमा भइरहेको बताउँदै नियमविपरीत उत्खनन् कार्य तत्काल रोक्न माग गरिन्।

त्यस्तै, प्रदेशसभा सदस्य सतिशकुमार सिंहले एक महिनामा सप्तरीमा दुईको हत्या, दिनहुँ चोरी निकासी पैठारीलगायतका घटनामा वृद्धि भएकाप्रति सदनको ध्यान केन्द्रित गराए।

उनले आपराधिक घटना वृद्धि हुँदा प्रहरी प्रशासन मौन बस्नु उचित नभएको टिप्पणी गरे । उनले मधेश प्रदेशमा प्रहरी सीमावर्ती क्षेत्रमा रकम असुलीतर्फ मात्रै ध्यान दिएको आरोप पनि लगाए। त्यस्तै प्रदेशसभा सदस्य रानीकुमारी तिवारीले महोत्तरीको जलेश्वरमा

बाँकी पृष्ठ २ मा

# सचेतना ल्याउन सडक नाटक प्रदर्शन गर्दै बालबालिका

**विनय कर्ण**
**सप्तरी।**
तालिम पाएपछि सप्तरीका जनता माध्यमिक विद्यालय रामपुर जमुवा र रामदयाल माध्यमिक विद्यालय सखुवा कचन्दाहाका बालिबालिकाले सडक नाटक प्रदर्शन गरेका छन्।
उनीहरुले शम्भुनाथ नगरपालिकाको विभिन्न टोलमा दुईदिन देखि सचेतनामूलक सडक नाटक प्रदर्शन गर्दै आएका हुन्।
विद्यालयहरुमा गठित बालअधिकार सचेतना समूहका बालबालिकालाई इन्सेकले सडक नाटकको तालिम दिएपछि उनीहरु स्वयम् बालश्रम, बालविवाह, महिला हिंसा र लागुऔषध विरुद्ध सडक नाटक प्रदर्शन गर्न थालेको कार्यक्रम संयोजक बरुण बस्यालले बताए।
बालकलाकारहरूले समाजमा महिला हिंसाको स्वरुप, बालश्रम गर्न वाध्य हुने अवस्था, बालविवाह र लागु औषधले पार्ने असर लगायतका विषयवस्तु समावेश गरेर सडक नाटकको माध्यमबाट सचेतना जगाउने काम गरिरहेको बस्यालले जानकारी दिए।



जनता माध्यमिक विद्यालय रामपुर जमुवा र रामदयाल माध्यमिक विद्यालय सखुवा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशको सहयोगमा शम्भुनाथको बैरयाही टोल, मिलनचौक, सदा टोल, शिवचौक, शम्भुनाथ मेला लगायतमा सडक नाटक प्रदर्शन गरिएको छ।
गरिब, दलित समुदायमा शिक्षा र सचेतनाको कमीकै कारण बढी हिंसा हुने गरेको बताउँदै शम्भुनाथ नगरपालिका १० का पूर्व वडा अध्यक्ष पतिराम सदाले सशक्तिकरण र सचेतनामुलक कार्यक्रमहरू गाउँगाउँमा लैजानु आवश्यक रहेको बताए।
मानवअधिकार निगरानी समूहका सचिव रामनारायण मण्डलले मानवअधिकारको प्रत्याभूतिका लागि सरोकारवाला निकायलाई झकझकाउन यस्ता सडक नाटक प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे।
नाटकमा मिथलेश साह, राजकुमारी मण्डल, सुर्य पाल, शंकरकुमार साह, करिना सरदार, पशुपति चौधरी, अच्छे सरदार, काजल मण्डल, प्रितिकाकुमारी चौधरी, श्रवण मण्डल, जयप्रकाश दास, रोशनपाल, आशाकुमारी मण्डल, प्रिताचौधरी, सुरज चौधरी, करण चौधरी, हेमन्त चौधरी र सचिदानन्द चौधरीले अभिनय गरेका थिए।

# मेयर बैजु यादवले गरे जग्गादान

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको मध्यभाग माधवनारायण नगरपालिकाका मेयर बैजनाथप्रसाद यादवले सार्वजनिक हितका लागि जग्गादान गरेपछि उनको सराहनिय कार्यको चौतर्फी प्रंशसा भएको छ।
मेयर यादवले १ करोड मुल्य बराबरको जग्गा दान गरेपछि उनको सराहनी कार्यको उल्लेख्य प्रंशसा हुन थालेको छ।
मेयर यादवले नगरपालिका भवन निर्माणका लागि १ करोड रुपैयाँ बराबरको आफ्नो निजि ५ कठ्ठा जग्गा दान गरेको हो।
स्थानीय तहको निर्वाचनको क्रममा उनले जनाएको चुनावी प्रतिबद्धता अनुसार मेयर यादवले आफ्नो नाउँमा दर्ता कायम रहेको पाँच कठ्ठा जग्गा माधव नारायण नगरपालिकाकाको नाममा बुधवार रजिष्ट्रेसन पारीत गरेका छन्।



मेयर बैजनाथ यादवको नाममा रहेको माधव नारायण वडा नम्बर ३ को पाँच कठ्ठा जग्गा नगरपालिकाको नाममा दर्ता भएको प्रमुख प्रशासकीय अधिकृत देवनाथ यादवले जानकारी दिए।
स्थानीय तहका प्रायः जनप्रतिनिधिले बजेटको रकम दुरुपयोग गरिरहेको बेलामा १ करोड मुल्य बराबरको जग्गा दानमा दिदाँ जिल्लावासीले उनको सराहना गरेका छन्।

# सतलोकमा तीन दिवसीय कार्यक्रम




**मधेशदृष्टि**
**जनकपुरधाम।**
कबीर साहेबको ६२६ औ प्रकट दिवसको उपलक्ष्यमा धनुषाको महेन्द्रनगरस्थित सतलोक आश्रममा तीन दिवसीय महासमागमको आयोजना भइरहेको छ।
जेठ १९ गते देखि हुन गईरहेको तीन दिवसीय कार्यक्रममा अखंड पाठ,विशाल भण्डारा,निशुल्क मन्त्रदिक्षा र विशाल सतसंग समारोहको आयोजना गरिने आश्रमले जानकारि दिएको छ। संत रामपाल महाराजको सानिध्यमा हुने सो कार्यक्रममा नेपाल,भारत,श्रीलंका लगायतबाट भक्तजनहरुको उपस्थिती रहने जनाइएको छ।भक्तजनहरुका अनुसार भ्रष्टाचारबाट उन्मुक्ति, मोक्षको प्राप्ती,जातीपातीको विभेद समाप्ती,युवामा नैतिक र आध्यात्मीक जागृत गर्नु,नशा मुक्ती लगायतको रामपाल महाराजको उदेश्य रहेको छ। यसभन्दा पहिले पनि सतलोक आश्रम धनुषामा विभिन्न किसीमका कार्यक्रमहरु हुदै आएको छ।

# बाउन्स चेक प्रकरण: वरिष्ठ सइ, सइ र जवान निलम्बित

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले अपराध अनुसन्धान मुद्दा शाखामा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक , प्रहरी नायब निरीक्षक र प्रहरी जवान सहित ३ जनालाई निलम्बन गरेको छ।
निलम्बन पर्नेमा अपराध अनुसन्धान मुद्दा शाखाका प्रहरी वरिष्ठ नायब निरीक्षक बसन्त भट्टराई, प्रहरी नायब निरीक्षक जयमोद ठाकुर र जवान महेश महतो रहेका छन्।
निलम्बित भएका प्रहरी अधिकारीसहितकाहरुले चेक बाउन्स मुद्दामा व्यक्तिलाई उपस्थित गराउन इलाका प्रहरी कार्यालय पोखरीयालाई पत्रचार गर्न एकलाख रकम मागेको प्रमाण प्रहरी प्रमुखसमक्ष पुगेपछि निलम्बन गरिएको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले बताए।
उनले पर्सा पोखरीया नगरपालिका वडा नम्बर ७ स्थित रानीगन्जका एक जना व्यक्तिले २२ लाख रकमको चेक बाउन्स मुद्दा दिएका थिए।
यसै मुद्दामा रकम लिएका व्यक्तिलाई उपस्थित गराउन प्रहरी युनिट पोखरीयालाई पत्राचार गर्न एकलाख रुपैयाँ माग गरेका थिए।

# कमिसनदेखि विकास...

प्रत्येक पाँच वर्षमा संसारीमाईको पूजाअर्चना हुने भएकाले मधेश प्रदेश सरकारको उपस्थिति देखाउन आग्रह गरिन्। उनले संसारीमाई मन्दिर धार्मिक सांस्कृतिक र पर्यटकीयरुपमा पनि रहेकाले सरकारको ध्यानाकर्षण गराइन्।
त्यस्तै, प्रदेशसभा सदस्य रत्नेश्वर गोइतले निजामती कर्मचारी र अन्य कर्मचारी पनि राष्ट्सेवक रहेकाले जनताका लागि काम गर्न आग्रह गरे। उनले पर्यटन प्रवर्द्धनका लागि काम गर्न मधेश प्रदेश सरकारसँग आग्रह गरे। त्यस्तै, प्रदेशसभा सदस्य जग्गा कित्ताकाटका सवालमा पालिकाले अहिलेसम्म काम गर्न नसकेकामा प्रदेश सरकार आफैं लाग्नु पर्ने बताइन्।
त्यस्तै, प्रदेशसभा सदस्य अनिरुद्र प्रसाद सिंहले हुलाकी सडकमा सप्तरीमा तीन वटा पुल निर्माण भए पनि सडक नहुँदा वर्षायाममा हिलो र गर्मीयाममा धूलोधूँवाको समस्या हुने गरेको बताए। त्यस्तै, प्रदेशसभा सदस्य प्रमोदकुमार जैसवालले जनताले मधेश सरकारलाई गाउँघरमा हेर्न चाहिरहेका बताए। उनले यसका लागि मधेश सरकार रहेको अनुभूति जनतालाई गराउन सरकारसँग आग्रह गरे।
त्यस्तै, प्रदेशसभा सदस्य नागेन्द्रप्रसाद साहले विकास निर्माणमा स्थलगत अनुगमन माग गरे। रौतहटको राजदेवी नगरपालिका र गौर नगरपालिकामा रहेका धार्मिक सांस्कृतिक मन्दिरको सौन्दर्यकरणसहित यसलाई पर्यटकीय नगरीका रुपमा विकास गर्न आग्रह गरे। उनले कमिसनमा विकास निर्माणको योजना बिक्रीवितरण तत्काल बन्द गर्न माग गरे। विशेष समयमा प्रदेशसभा सदस्य बच्चा राउत अहिर र प्रदशेसभा सदस्य सकिल अलि मियाले समेत बोलेका थिए।

## बालिका संरक्षणसम्बन्धी विधेयक पारित

प्रदेशसभा बैठकबाट बालिकाको हितमा ध्यान राख्दै बनाइएको प्रदेश बालिका संरक्षणसम्बन्धी बनेको विधेयक सर्वसम्मतरुप पारित भएको छ। शिक्षा तथा समाज कल्याण मन्त्री महेशप्रसाद यादवले प्रदेश बालिका संरक्षणसम्बन्धी बनेको विधेयक दफावार छलफलका लागि सदनमा पठाएका थिए। विधेयकप्रति कुनै विरोधको आवाज नसुनिएपछि सभामुख रामचन्द्र मण्डलले विधेयक पारित भएको जनाए।

# खेतको माटो परीक्षण

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीमा खेतीजन्य जग्गाको माटो परीक्षण हुदैँछ।
सर्लाहीको चक्रघट्टा गाउँपालिकामा करिब दुई सय भन्दा बढी किसानहरुले आफ्नो खेतको माटोको परीक्षण गराएका हुन्।
निःशुल्करुपमा माटो परीक्षण गरी उब्जाउ खेतीका लागि अभियान चलाएपछि अहिले गाउँघरमा माटो परीक्षण अभियानले तिव्रता पाएको छ।
जिल्लाको चक्रघट्टा गाउँपालिकामा दुई सय भन्दा बढी किसानहरुले आ-आफ्नो खेतबारीको माटो निःशुल्क परीक्षण गराएका हुन्।
स्थानीय गाउँपालिकाको आयोजना तथा माटो तथा मल परीक्षण प्रगोगशाला राजविराजको सहयोगमा चक्रघट्टा गाउँपालिकाका करिब दुई सय जना किसानहरुको खेतबारीबाट ल्याएका माटो परीक्षण गरिएको चक्रघट्टा गाउँपालिकाका कृषि शाखाका नायब प्राविधिक सहायक टीका बस्नेतले जानकारी दिईन्।



नायब प्राविधिक सहायक टीका बस्नेतले जनाएअनुसार एक दिने माटो परीक्षण शिविरमा दुई सय २५ जना किसानहरुले आ-आफ्नो खेतबारीको माटो ल्याएर निःशुल्करुपमा परीक्षण गराएको छ।
माटो परीक्षणको क्रममा नाइट्रोजन, पोटास, फसफोरस, अम्लियपन र माटोको किसिमको परीक्षण भएको माटो तथा मल परीक्षण प्रयोगशाला सप्तरीका कार्यालय प्रमुख सुनिलकुमार सिंहले बताए।
कृषि उत्पादन बढाउने र किसानहरुलाई आवश्यक सल्लाह दिने उद्देश्यले गाउँपालिकाका किसानहरुको माटो परीक्षण गरिएको छ।

# बढ्यो जनसंख्या, बढेन...

उमेरका कुल जनसंख्यामा साक्षरता दर ६३ दशमलव ५ प्रतिशत छ। पुरुषको साक्षरता दर ७२ दशमलव ५ प्रतिशत छ भने महिलाको साक्षरता दर ५४ दशमलव ७ प्रतिशत छ। मधेश सरकारले महिलाको शिक्षामा अझै ध्यान दिनुपर्ने देखिन्छ। मधेशमा उच्चशिक्षा अध्ययन गर्नेको कमी रहेको देखिएको छ। प्रदेशको आठवटै जिल्लाको अवस्था हेर्ने हो भने एसएलसी(एसइइ) भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेको संख्या १४ दशमलव ५ प्रतिशत मात्र रहेको छ। ३३ प्रतिशत प्राथमिक तह अर्थात कक्षा १ देखि ५ सम्म मात्र अध्ययन गरेका छन् भने एसएलसीसम्म ७ दशमलव ६ प्रतिशतले मात्र अध्ययन गरेको तथ्यांक सार्वजनिक गरिएको छ।
प्रदेशमा दश वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिमध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिमध्ये सबैभन्दा धेरै ४१ दशमलव १ प्रतिशत विद्यार्थी भएको कारण आर्थिक काम नगरेको अथवा बेरोजगार छन्। जबकि कुनै पनि आर्थिक काम नगर्ने संख्या ४६ दशमलव ५ प्रतिशत छ।
१९६८ देखि सुरु भएको जनगणना २०७८ मा गरिएको १२ औं र संघीयतापछिको पहिलो जनगणनामा ७ प्रादेशिक र ७० जिल्लामा एकसाथ सार्वजनिक गरिएको हो। घरपरिवार सूचीकरण र मुख्य प्रश्नावली गरेर दुईचरणमा गरिएको तथ्यांक संकलनमा २० दिनको समय लागेको थियो भने सबैस्तरको तथ्यांक संकलनका लागि प्रदेशदेखि वडासम्म तहगतरुपमा समिति निर्माण गरी संकलन गरेको तथ्यांक कार्यालय धनुषाका प्रमुख विमल कुमार यादवले जानकारी दिए।

## खुल्ला दिशामुक्त घोषणालाई चुनौती

२०७४ असोज १४ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले बडो हर्षोउल्लासका साथ नेपाल दक्षिण एसियाको पहिलो खुल्ला दिशामुक्त क्षेत्र भएको घोषणा गरे। देशभरका सबै घरधुरीमा शौचालय बनाएपछि देशलाई खुला दिशामुक्त घोषणा गरिएको भनेर तत्कालीन प्रधानमन्त्री ओलीले सन् २०३० सम्म पूर्ण सरसफाइयुक्त देश बनाउने महाअभियानमा सक्रिय सहभागी हुन सबै नेपालीलाई आह्वान नै गरे। तर घोषणालाई प्रस्तुत तथ्यांकले झुठो सावित गरेको छ। प्राप्त तथ्यांक अुनसार मधेशमा ८८ प्रतिशतले मात्र शौचालयको सुविधा प्रयोग गरेका छन्, १२ प्रतिशतसँग शौचालयको सुविधा नै छैन। खुला ठाउँ प्रयोग गरिरहेका छन्।
प्रदेशस्तरीय नतिजा सार्वजनिक कार्यक्रममा मधेश प्रदेशका अर्थमन्त्री संजय यादवले खुल्ला दिशामुक्त घोषणा गर्नमा सरकारले हतार गरेको बताए। उनले तथ्यांकबाट आएको नतिजालाई मानेर प्रभावित क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता रहेको बताए। त्यसैगरी, धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले खुलादिशामुक्त घोषणा गर्नमा भुल भएको स्वीकार गर्दै सरोकारवालाले शौचालय प्रयोगको सुविधाबाट वञ्चितलाई पनि सुविधा प्रयोगका लागि आवश्यक सुविधा उपलब्ध गराउनुपर्ने बताए।

## अर्थमन्त्री यादवको आपति

मधेश प्रदेशका अर्थमन्त्री संजय यादवले तथ्यांक विभागले प्रस्तुत गरेका डाटा विश्वसनीय नरहेको बताए। उनले राज्यको उन्नति र प्रगतिको माध्यमको रुपमा डाटा नै रहेकाले विश्वासयोग्य बनाउनुपर्ने बताए। उनले भने, 'जनगणनाको क्रममा गणकहरु कहाँ पुगे, कहाँ पुगेनन्, मोनिटरिङ गर्ने कोही भएनन्, वडा कार्यालयमा नै बसेर डाटा संकलन गरेको कुरा हामी कहाँ धेरै आएको छ, यसमा पुर्नमूल्यांकन गर्नुपर्छ।'
'जनगणना २०७८ मा नै भयो तर तथ्यांकको सार्वजनिकीकरण २०८० मा आएर हुन्छ, तथ्यांक सार्वजनिक गर्न दुईवर्ष लाग्नु दुःखद हो, यसको मतलब हामी सम्वेदनशील छैनौं, कमसेकम एक सय दिनमा तथ्यांक सार्वजनिक हुने वातावरण बनाऔं,' उनले भने। अर्थमन्त्री यादवले तथ्यांक प्रस्तुत गर्दा स्थानीय भाषा वा कमसेकम नेपाली भाषामा प्रकाशन गर्नुपर्नेमा अंग्रेजी भाषामा प्रकाशन गर्नुले कसले लाभ लिन सक्छ र भनेर प्रश्न तेर्स्याउँदै उनले यसलाई नेपाली भाषामा समेत प्रकाशन गरिनु पर्ने बताए।

# 'अभिभावकले किशोरावस्थामा बालबालिकाको निगरानी गर्नुपर्छ'



**मधेशदृष्टि**
**लालबन्दी।**
मधेश प्रदेशसभाकी प्रदेशसभा सदस्य बेची लुंगेलीले अभिभावकले समयमै बालबालिकालाई ख्याल गर्नुपर्ने उमेर किशोरावस्था रहेको बताएकी छन्।
बुधबार लालबन्दीको एक विद्यालयमा आयोजित एक कार्यक्रममा विद्यार्थीहरुलाई सम्बोधन गर्दै प्रदेशसभा सदस्य लुंगेलीले १२ वर्ष उमेरदेखि १९ वर्ष उमेरसमुहकालाई जे देख्यो त्यही मन पर्ने र सही र गलतसमेत छुट्याउन वास्ता नगर्दा बाटो बिराउने सम्भावना रहेकाले अभिभावकले बालबालिकामाथि निगरानी गर्नु पर्ने समय यही भएको बताइन्।
उनले सही दिशा निर्देश गर्न नसकेर किशोरावस्थाका केटाकेटी दुर्व्यवसनीमा लाग्ने खतरा धेरै हुने बताइन्।
लालबन्दी नगरपालिका वडा नम्बर ९ स्थित सुधार केन्द्र हेल्पिङ होमले लागुऔषध तथा एचआईभी र एड्स सम्बन्धी जनचेतना मुलक कार्यक्रमको आयोजना गरेको थियो।
समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ईलाका प्रहरी कार्यालय लालबन्दीसँगको सहकार्यमा हेल्पिङ होमले गरेको कार्यक्रममा कम्युनिटी स्कुलका ९ र १० मा अध्ययन गर्ने करिब ८० जना विद्यार्थीको सहभागिता रहेको थियो।

# लैंगिक उत्तरदायी बजेट निर्माणसम्बन्धी छलफल



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीमा लैंगिक उत्तरदायी बजेट निर्माण सम्बन्धी एकदिवसीय कार्यशाला गाष्ठी सम्पन्न भएको छ।
बुधबार महोत्तरीको सदरमुकाम जलेश्वरमा भएको लंगिक उत्तरदायी बजेट निर्माण सम्बन्धी कार्यशाला गोष्ठीमा करिब एक दर्जन राजनितिक दलका प्रतिनिधिलाई सहभागी गराइएको थियो।
राजनीतिक दलका प्रतिनिधिहरुसँग समाजमा बहिष्करणमा परेका महिला, दलित, गरिब र अपांग व्यक्तिलाई लक्षित गरी बजेट निर्माण बारे छलफल गरेको छ।
राजनीतिक दलबाट निर्वाचित भएका जनप्रतिनिधीहरुसँग बजेट निर्माणमा सम्बन्धित विषयहरु समावेश गर्ने बारे गहन छलफल गर्ने प्रतिवद्धता जनाएका थिए।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान् , हरेक प्रकारका सुख प्राप्त होला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन् , धेरै समयपछि आत्मीयजन सँग भेट होला।

# बारा–पर्सामा अख्तियारको आक्रामक एक्सन




**मधेशदृष्टि**
**वीरगंज।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय हेटौंडाको निशानामा बारा-पर्साका स्थानीय तह परेका छन् । विकास निर्माणका कार्यहरुमा अनियमितता भएको उजुरीपछि फाइल माग्दा नपठाइएपछि अख्तियारको टोली फिल्डमै उत्रिएर आक्रामकसँग प्रस्तुत भएको हो । अख्तियारको टोली विकास निर्माणका विभिन्न योजनामा अनियमितता भएकोसम्बन्धी उजुरीमा छानबिन गर्न पर्साका विभिन्न स्थानीय तहमा पुगेको छ । अख्तियारले छिपहरमाई, कालिकामाई, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र बहुदरमाई नगरपालिकामा विकास निर्माणसम्बन्धी कामका आवश्यक कागजात नियन्त्रणमा लिएको छ ।

‘गाउँपालिका तथा नगरपालिकाले गरेको काम कारबाही र विकास निर्माणमा भएको अनियमितता सम्बन्धमा उजुरी परेपछि उजुरीसम्बन्धी कागजात माग गरेका थियौँ,’ आयोगका सूचना अधिकारी विष्णुप्रसाद सापकोटाले भने, ‘स्थानीय तहले कागजपत्र उपलब्ध नगराएपछि जेठ ८ गतेदेखि नै बारा, पर्सामा अख्तियारको टोली गाउँपालिका तथा नगरपालिकाको कार्यालयमै पुगेर आवश्यक कागजात नियन्त्रणमा लिइरहेको छ ।’ टोलीले बुधबार बारा, पर्साका विभिन्न गाउँपालिका तथा नगरपालिका पुगेर अनियमिततासम्बन्धी परेका उजुरीको छानबिनका लागि कागजात नियन्त्रणमा लिएको प्रवक्ता सापकोटाले बताए ।

अधिकांश पालिकामा जनप्रतिनिधि र कर्मचारीले मिलोमतोमा विभिन्न योजना, कर्मचारी नियुक्ति, सामग्री खरिदलगायतमा भ्रष्टाचार गरेको उजुरी परेपछि अख्तियारले सम्बन्धित योजनाको कागजात माग गरेको हो । तर निर्वाचित जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतहरुले आवश्यक कागजात उपलब्ध गराउन आलटाल गर्दै आएपछि अख्तियारको टोलीले सम्बन्धित कार्यालयमै पुगेर कागजात नियन्त्रणमा लिएको सापकोटाले जानकारी दिए । बारा, पर्साका स्थानीय तहमा मात्रै झण्डै डेढ सय भन्दा बढी उजुरी अख्तियारमा परेको र यस सम्बन्धमा छानबिन प्रक्रिया अगाडि बढाइएको आयोगका प्रवक्ता सापकोटाले बताए । नियन्त्रणमा लिएका फाइल अनुसन्धान अधिकृतलाई बुझाइ आवश्यक कारबाहीसमेत अगाडि बढेको बताउँदै अनुसन्धानक्रममा भ्रष्टाचार ठहर भए दोषीलाई कारबाही गरिने सापकोटाले बताए ।

# ‘चीन नेपाललाई ऋणजालमा फसाउन खोज्दैछ’

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले चीनले नेपाललाई ऋणजालमा फसाउने रणनीति बनाइरहेको बताएका छन् ।

अभियानले गरेको ‘नेपालप्रति चिनियाँ अभ्यास र असर’ विचारगोष्ठीमा उनले चीनले नेपाललाई ऋणजालमा फसाइ श्रीलंका बनाउने रणनीति बनाइरहेको बताए । उनले चीनले पछिल्लो समय नेपालमाथि विभिन्न कोणबाट आँखा लगाइरहेको टिप्पणी गरे । उनले भने, ‘उत्तरतिरबाट नेपाली भूमि क्रमशः अतिक्रमण भइरहेको छ, चीनले देशभित्र राजनीतिक हस्तक्षेप गर्नुका साथै अघोषित नकाबन्दीलाई निरन्तरता दिइरहेको छ।’

उनले नेपाललाई चीनले तिब्बत बनाउने षड्यंन्त्र गरिरहेको खुलासा गरे । उनले भने, ‘चीनको तिब्बतीकरण गर्ने षड्यंन्त्रको विरोधमा अब सम्पूर्ण नेपालीले एकजुट भई आवाज उठाउने बेला आएको छ।’

त्यसैगरी गोष्ठीमा साहित्यविद् सुदर्शन लाल कर्णले नेपाललाई श्रीलंका बनाउने रणनीतिमा चीन लागेको आरोप लगाए । उनले भने, ‘चीनले नेपाललाई श्रीलंका बनाउन खोजिरहेको छ, चीनले पोखरा विमानस्थलमा लगानी गरेर विमानस्थल कब्जामा लिने षड्यन्त्र गरिरहेको छ ।’ उनले चीनले बिआरआइमार्फत नेपाललाई ऋणजालमा पार्न विभिन्न कोणबाट कसरत गरिरहेको जिकिर गरे।




उनले भने, ‘चीनको विस्तारवादी नीति रोक्नु पर्छ, नेपाललाई चिनियाँ ऋणको जालमा फस्न दिनु हुँदैन ।’ उनले देश आर्थिक संकटमा फसेका बेला कैलाश मानसरोवर यात्रा गराउने कम्पनीसँग चीनले ८० लाख रूपैयाँ धरौटी माग्नु संकटका बेला घाँटी रेटेको सावित भएको बताए । कैलाश भ्रमण गर्न आउने पर्यटकलाई अनावश्यक यातना दिई चीनले नेपालको पर्यटन व्यवसाय ध्वस्त पारी आर्थिक समस्यामा पारेर त्यसको फ़ायदा उठाउन खोजेको आरोप उनले लगाए।

संविधानसभा सदस्य विपी यादवले चीनको विस्तारवादी नीतिलाई सबै मिलेर नरोकेसम्म नेपालको विकास सम्भव नहुने जिकिर गरे।

उनले भने, ‘कहिले चीनका लागि नेपाली राजदूतको ओहोदा प्रमाण पत्र नबुझिदिने त कहिले काठमाडौँमा रहेको चिनियाँ दूतावासमार्फत चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्नेलगायतको काम गरिरहेको छ।’

हिन्दी अभियन्ता रमन पाण्डेयले सनातन संस्कृति नेपालको आत्मा भएको बताए । उनले भने, ‘समाजमा चलिरहेको जातीय द्वन्द समाधान गर्न राष्ट्रिय एकताको सूत्र हिन्दू संस्कृति नै हो, त्यसकारण देशलाई संघीय हिन्दू गणतन्त्र कायम गरी अघि बढ्नु आवश्यक छ।’

कार्यक्रममा धार्मिक अभियन्ता भोगेन्द्र लाल कर्ण, मारवाड़ी सेवा समितिका अध्यक्ष निर्मल चौधरी, डा. वीरेन्द्र कुमार, प्राध्यापक बालकेश्वर ठाकुर, वन्दना पाण्डेयलगायतले चीनले नेपाललाई ऋणजालमा फसाई श्रीलंका बनाउन खोजिरहेको भन्दै सतर्क हुन जोड दिए।

# शिक्षा, स्वास्थ्य, सडक सञ्जाल प्राथमिकतामा: चौधरी



*कम्पाउन्ड वाल तथा घेराबेरा, २० लाख रुपैयाँको लागतमा फतुवा विजयपुर–९ लक्ष्मिनीया गाउँको मूलबाटो मर्मत भइरहेको छ। १० लाख रुपैयाँको लागतमा गुजरा–६ बेदौलीमा बाटो निर्माण र ३० लाख रुपैयाँको लागतमा खतवहियामा नाला तथा बाटो निर्माणको काम भइरहेको छ।*

**मधेशदृष्टि**
**रौतहट।**
मधेश प्रदेशका सांसद तथा पूर्वमन्त्री केशव राय चौधरीको नेतृत्वमा एकैपटक ६ योजनाको काम भइरहेका छ। रौतहट क्षेत्र ३ ‘क’ बाट निर्वाचित चौधरीको संसदीय विकास कोषको रकममध्ये १ करोड १० लाख रुपैयाँको लागतमा योजना अघि बढेको हो।

२५ लाख रुपैयाँको लागतमा गुजरा नगरपालिका-१ कोठीयारको मूल सडक निर्माण तथा मर्मत सुरू भएको छ। २५ लाख रुपैयाँको लागतमा गुजरा-७ वीरेन्द्र आधारभूत विद्यालय औरहिडिह परसवाको कम्पाउन्ड वाल तथा घेराबेरा, २० लाख रुपैयाँको लागतमा फतुवा विजयपुर-९ लक्ष्मिनीया गाउँको मूलबाटो मर्मत भइरहेको छ।

त्यसैगरी, १० लाख रुपैयाँको लागतमा गुजरा-६ बेदौलीमा बाटो निर्माण र ३० लाख रुपैयाँको लागतमा खतवहियामा नाला तथा बाटो निर्माणको काम भइरहेको चौधरीले बताए । छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी प्रदेश सांसद चौधरीले योजनाको शिलान्यास गरेका छन् । संसदीय विकास कोषको रकमबाट हुने अन्य केही कामबारे छलफल, निर्णय लगायतको प्रक्रियामा रहेको बताइएको छ।

आफ्नो निर्वाचन क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार निर्माण गर्नु पहिलो प्राथमिकतामा रहेको चौधरीले बताए। ‘शिक्षा, स्वास्थ्य र सडक सञ्जाललाई ग्राह्यता दिएको छु,’ प्रदेश सांसद चौधरीले भने । संसदीय निर्वाचनमा प्रभु साहको स्वतन्त्र टिमबाट उम्मेदवारी दिएर विजयी भएका उनी निर्वाचनपछि नेकपा एमालेमा प्रवेश गरेका थिए।

# मनियारीमा हटाइयो अतिक्रमित संरचना



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको वडा नम्बर २२ मनियारीमा बुधबार सडक अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाइएको छ । वीरगंज महानगरपालिकाको कार्यालयबाट खटिएको टोलीले अतिक्रमण गरी बनाइएका संरचना हटाएको हो । सडक अतिक्रमण गरी बनाएका संरचनाले सडक निर्माणमा समेत अवरोध पुगेकाले महानगरपालिकाले डोजर चलाएर संरचना हटाएको हो । गण्डक चोकबाट मनियारी हुँदै हाइवे जोड्ने सडक अहिले धमाधम निर्माणको क्रममा रहेको र सडकमा परेका संरचना नहट्दा मनियारीमा सडक निर्माणमा अवरोध आएपछि महानगरको टोलीले अतिक्रमण गरी बनाइएका संरचना हटाएको वीरगंज महानगरपालिका नगरप्रमुख राजेशमान सिंहले बताए।

सडक अतिक्रमण गरी बनाइएका ४ वटा पक्की घर र ३ वटा टहरा भत्काएर खाली गराई बाटो निर्माणमा भइरहेको अवरोध हटाइएको सिंहले बताए । अतिक्रमित संरचना हटाउन महानगरको भौतिक संरचना अतिक्रमण नियन्त्रण समितिका संयोजक एवम् वडा नम्बर ५ का वडाअध्यक्ष प्रदीप चौरसिया, सचिवालय सल्लाहकार हरि पराजुली, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, नगर प्रहरी प्रमुख हरि भुषाललगायतको टोली डोजरसहित परिचालन भएको थियो।

# पढाइ अवरुद्ध, वार्ताको प्रयास जारी



**मधेशदृष्टि**
**वीरगंज।**
प्रधानाध्यापक सरुवाको विषयलाई लिएर बाराको सुवर्ण गाउँपालिका वडा नम्बर ४ मा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थी अझै आन्दोलनमा छन् ।

विद्यार्थीको आन्दोलनका कारण आइतबारदेखि पठनपाठन ठप्प भएको छ । विद्यार्थीले बुधबार विद्यालय अगाडि २ घण्टा चक्काजाम गर्नुका साथै शिक्षकलाई समेत विद्यालय प्रवेशमा रोक लगाएका थिए । नेरा माविका प्रधानाध्यापक राम एकबाल प्रसाद साहको गाउँपालिकाले नेरा मावि देवापुर बहुअर्वामा सरुवा गरेपछि आइतबार विद्यार्थीहरुले सुवर्ण गाउँपालिकाको कार्यालयमा तोडफोड र आगजनी गरेका थिए।

आक्रोशित विद्यार्थीले गाउँपालिका कार्यालयमा तोडफोड गर्न थालेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले ३३ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । आन्दोलनक्रममा भएको तोडफोड र आगजनीबाट गाउँपालिकाको कार्यालयमा ३ करोड ५० लाख रुपैयाँ भन्दा बढीको क्षति भएको गाउँपालिकाका अध्यक्ष गाउँपालिकाका राजेश यादवले बताए।

यता सुवर्ण गाउँपालिकाका शिक्षा शाखाका प्रमुख विद्यानन्द यादवले विद्यार्थी आन्दोलनको कारण गाउँपालिकामा करोडौँको क्षति पुगेपछि स्थिति शान्त बनाउने रणनीतिमा गाउँपालिका जुटेको र विद्यार्थीसँग वार्ताको प्रयास भइरहेको बताए।

# पिक अपमा बिजक भन्दा बढी सामान




**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले भन्सार छली भित्र्याउदै गरेको विभिन्न किसिमका खुद्रा तथा लत्ताकपडा बोकेको मालबाहक पिकअप गाडी नियन्त्रणमा लिएको छ।

वीरगंज महानगरपालिका वडा नम्बर २५ चण्डालचोकस्थित सडकखण्डबाट गाडी प्रहरीले नियन्त्रणमा लिएको हो । बिल बिजक भन्दा बढीको सामान बोकेको पिकअप भ्यान ड्राईपोर्टबाट वीरगंज आउदै गरेको सूचनाका आधारमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा बिआर ०५ जिसी ३०१७ नम्बरको पिकअप गाडीमा खुद्रा तथा विभिन्न किसिमका लत्ताकपडा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । पिकअप भ्यानसहित सामानको १७ लाख ३९ हजार ४ सय ४८ रुपैयाँ मूल्यांकन गरी थप अनुसन्धानका लागि बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको डिएसपी गिरीले बताए।

# यादव र निधिद्वारा विधेयक प्रमाणिकरण गर्न आग्रह

**मधेशदृष्टि**
**वीरगंज।**
जनता समाजवादी पार्टी (जसपा)का संसदीय दलका नेता उपेन्द्र यादवले राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालयमा रहेको नागरिकता ऐन संशोधन विधेयक तत्काल प्रमाणीकरण गर्नुपर्ने बताएका छन्।

बुधबार प्रतिनिधिसभा बैठकमा उनले यस्तो बताएका हुन् । बैठकमा नेपाली कांग्रेसका नेता एवम् सांसद बिमलेन्द्र निधिले नागरिकता विधेयक राष्ट्रपतिले तत्काल प्रमाणीकरण गर्नुपर्ने बताए । विधेयक राष्ट्रपति पौडेललाई प्रमाणीकरण गर्न संविधान र कानुनीरुपमा कुनै पनि बाधा




अड्चन नभएको उनको भनाइ छ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संघीय संसदले दुईपटक पारित गरेर पठाएको विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणिकरण गरिनन् । भण्डारीको कार्यकाल सकिएर राष्ट्रपतिमा पौडेल आएपछि पुनः प्रमाणिकरण गर्न मिल्छ वा मिल्दैन भनेर बहस भइरहेका बेला नेताहरुले मिल्ने र प्रमाणीकरण गर्नुपर्ने बताएका हुन्।




# घट्यो टेम्पोभाडा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको वीरगंजदेखि छिपहरमाई गाउँपालिकाको भिस्वासम्म यात्रु ओसार्ने टेम्पोको भाडा दर घटेको छ।

प्रदेश नम्बर-२ टेम्पो सञ्चालन कम्पनीले टेम्पोको भाडादर बुधबारदेखि लागु हुने गरी घटाएको हो । यसअघि वीरगंजदेखि भिस्वासम्मको टेम्पो भाडादर प्रतियात्रु १ सय ५० रुपैयाँ रहेकामा बुधबारदेखि १ सय ३० रुपैयाँ मात्र लिने निर्णय गरिएको प्रदेश नम्बर-२ टेम्पो सञ्चालन कम्पनीका अध्यक्ष जलेश्वर सर्राफले जानकारी दिए । बुधबार सरार्फकै अध्यक्षतामा बसेको बैठकले भाडादर घटाउने निर्णय गरेको हो।

बैठकमा कम्पनी मातहत रहेका टेम्पो चालकहरुको पनि सहभागिता थियो । ग्रामीण भेगका सर्वसाधारणको माग तथा अनुरोधमा भाडादर घटाउने निर्णय गरिएको अध्यक्ष सरार्फले बताए।

# सत्तारुढ सांसदबाटै सरकारको आलोचना

**मधेशदृष्टि**
**हेटौँडा।**
बागमती प्रदेश सभामा सदस्य सुना परियारले सरकारप्रति असन्तुष्टि व्यक्त गरेकी छिन् । बुधबारको प्रदेशसभा बैठकमा उनले प्रदेश सरकारमा समानुपातिक ढङ्गबाट मन्त्री नियुक्त नभएको भन्दै असन्तुष्टि व्यक्त गरिन् ।

सांसद परियारले संविधानले व्यवस्था गरेको ३३ प्रतिशत महिला सहभागितासमेत सरकारमा हुन नसकेको बताइन् । उनले सरकारले समावेशी रूपमा सरकारमा सहभागिता गराउन नसक्दा दलित समुदाय उपेक्षामा परेको धारणा व्यक्त गरिन् । समानुपातिक र समावेशी रूपमा सरकार निर्माण गर्न नसक्दा संविधानको धज्जी उडाउने काम भइरहेको उनले बताइन् । ‘सरकारमा ३३ प्रतिशत महिलाको सहभागिता हुनसकेको छैन । दलित र पिछडिएको वर्गको सहभागिताको



कल्पना पनि गर्न सकिन्न,’ उनले भनिन्, ‘सरकारमा महिला र दलित समुदायको सहभागिता समानुपातिक समावेशी हुन नसक्दा संविधानको नै धज्जी उडेको छ ।’

उनले कलेजको सामान्य खर्च तिर्न नसक्दा विद्यार्थीले आत्महत्या गर्नुपर्ने परिस्थिति बन्नुमा दोष गरिबी या शिक्षा भन्दै प्रश्न गरिन् । प्रदेश सरकारले गरिब पिछडिएको वर्गको शिक्षाको पहुँच पुऱ्याउन पहल गरिनु पर्ने बताइन् । प्रदेश सरकारको बजेट समानुपातिक ढङ्गबाट वितरण गरिनु पर्ने उनको भनाइ छ । विगतमा जस्तो असमान बजेट ल्याएर प्रदेशका नागरिकलाई विभेद गर्न नहुने उनले बताइन् । सांसद परियार नेपाली कांग्रेसको समानुपातिक कोटामा प्रदेशसभा सदस्य भएकी हुन् । प्रदेश सरकारमा कांग्रेस सहभागी छ ।

# भेटेनरी अस्पताल शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज।**
सप्तरीको राजविराजमा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको नयाँ भवन शिलान्यास भएको छ।

मधेश प्रदेशका पूर्व अर्थमन्त्री शैलेन्द्र साहले बुधबार राजविराजमा भवन शिलान्यास गरेका छन् ।

४ करोड १६ लाख रुपैयाँको लागतमा नयाँ भवन निर्माण हुन लागेको हो ।

विकास त्यही हो, जब समाजका हरेक व्यक्तिले वैयक्तिक ढंगले क्षमताअनुसार समान अवसर पाउँछन्।

- अल्बर्ट आइन्स्टाइन

## सम्पादकीय

# तथ्यांकमा मधेश

तथ्यांक कार्यालय धनुषाले मधेश प्रदेशको तथ्यांक सार्वजनिक गरेको छ । २०७८ मा लिइएको जनगणनालाई आधार बनाएर तथ्यांक सार्वजनिक गरिएको हो। सार्वजनिक गरिएको तथ्यांकमा मधेशको प्रगति शिक्षामा कमजोर देखिएको छ । स्रोतसाधन प्रयोग, सुविधाका विषयमा अझै पनि मधेशले सोच्नु पर्ने अवस्था देखिएको छ । उसो त बालविवाहदेखि अनेक समस्यामा मधेश प्रदेशको समस्या ज्युँ का त्युँ देखिन्छ। सुधारका लागि गरिनु पर्ने प्रयासहरु तत्काल गर्न जरुरी भएको देखिएको छ। सुधार गर्न सकिने कैयौँ तथ्यहरु पनि सुधार नभएको पाइएको छ । तथ्यहरुले मधेशमा शिक्षामा कमजोर हुँदा नै सबैतिर समस्या भएको देखाएको छ। यो तथ्यांकले के पनि भनेको छ भने मधेशले सुधार्नु पर्ने कयौँ पाटोहरुमा अब समस्या नभएको पनि उल्लेख गरेको छ। भौगोलिक हिसाबले सुगम, समथर तराई मधेश किन शिक्षामा पछि परेको छ भन्ने विषयमा घोत्लिन सके अरु सबै तथ्य र तथ्यांकहरु विस्तारै सुधार्न सकिने सम्भावनाहरु पनि देखिएका छन्।

मधेशमा अझै पनि बालविवाह जल्दोबल्दो समस्याका रुपमा देखिएको छ। १४ वर्षकै उमेरमा विवाह गर्नेको संख्या ९ दशमलव ३ प्रतिशत देखिएको छ। अर्थात् ६१ लाख जनसंख्याको यो प्रतिशत भनेको ठूलो संख्या हो। अर्थात् ५ लाख ६८ हजार भन्दा बढीले १४ वर्ष नपुग्दै मधेशमा विवाह गरिरहेका छन्। घरपरिवार निर्माण र समाजलाई प्रगतिमा लैजान बाधक यही बालविवाह बनिरहेको छ । कलिलैमा विवाह, सानैमा बच्चाको आमा, बालबच्चाको हेरचाह र उपचारमा अभिभावकमा ऋणको बोझ, शिक्षादीक्षामा समस्या, दैनिकी चलाउन रोजगारी अभाव मधेशको मूल समस्या हो। उसै पनि ४६ दशमलव ५ प्रतिशत बेरोजगारीले मधेश आक्रान्त छ। हरेक एकसय घरमा २१ घरपरिवार विदेशमा छन् । उनीहरुले पठाएको रेमिट्यान्सले जिन्दगी चलेको छ । अर्कातिर एसइइ भन्दा माथि पढ्नेको तथ्यांक कमजोर छ । त्यसैले शिक्षाका अभावमा रोजगारीमा समस्या छ । रोजगार परिवार नभएकाले आर्थिक समस्यामा हुन्छन्। त्यही समस्याले पानीको स्रोत छैन, शौचालय छैन । आदिइत्यादि समस्याहरुले मधेशका नागरिकलाई कमजोर बनाइरहेको छ। छेउकै बागमती प्रदेशका नागरिकको कमाइ २ हजार ४ सय ५५ डलर पुग्दा मधेशका नागरिकको कमाइ ८ सय ७५ डलरमा खुम्चिएको छ।

विद्युत्मा भने देशकै तथ्यांकलाई मधेशले भेट्न खोजेको छ। बिजुलीको पहुँचमा ९७ दशमलव ७ प्रतिशत जनता पुगेका छन्। विद्युत् भएपछि अरु काम गर्न सकिन्छ। जीवन सहज हुन्छ। उद्यम गर्न सकिन्छ। उसो त महिलाका नाममा घर वा जग्गा हुने प्रतिशत पनि २५ दशमलव २ पुगेको छ। अझ घरजग्गा नै भएका महिलाको प्रतिशत १२ पुगेको छ। यो राम्रो पक्ष हो। फेरि पनि शिक्षा नै मधेशको विकासको मूल समस्या हो। शिक्षामा पहुँच विस्तार जरुरी छ। मधेशका कुनै पनि जिल्ला साक्षर घोषणा गर्न सकिएको छैन । १२ प्रतिशतसँग अहिले पनि शौचालय छैन। जबकि देश खुला दिशामुक्त घोषणा भइसकेको छ । तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यले मधेशको अनुहार बाहिर आएको छ । यसलाई अरु सुन्दर बनाउने कालिगडहरु चैं एक नम्बरमा स्थानीय सरकार र दुई नम्बरमा प्रदेश सरकार हुन् । अर्को दशवर्षमा यो अनुहार कति बदलिन्छ, त्यति नै सरकारको सफलता झल्किन्छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# चीनको आक्रामक प्रवेश



• एसके द्विवेदी

भारत र चीनको द्विपक्षीय सम्बन्ध शत्रुता, मित्रता, प्रतिस्पर्धा र सहकार्यको ढाँचाबाट अघि बढेकालाई अन्यथा ठान्नु हुँदैन । तर दक्षिण एसियामा बढेको चिनियाँ हस्तक्षेपले साना मुलुकको राजनीतिक समीकरणमा अप्रत्यासित परिवर्तन आउन थालेको छ । चीनले छिमेकी मुलुकमा राखेको षड्यन्त्रमूलक र कुटनीतिक रुचिका कारण राष्ट्रिय स्वार्थ ओझेलमा पर्दै गएका छन्।

कुनै पनि मुलुक आर्थिक, समाजिक र सांस्कृतिक उन्नतिको दिशामा प्रयास गर्छ र यो उसको अधिकार पनि हो।

त्यसका लागि ठूलाले साना मुलुकको सम्प्रभुतालाई ओझेलमा पार्ने कुनै पनि मुलुकका सचेत नागरिक र राजनेताका लागि असह्य हुन्छ। अरु मुलुकमा आफ्नो सैनिक वा कुटनीतिक सम्प्रभुता जमाउन खोज्नु कुनै पनि अर्थमा उचित होइन । केही वर्ष यता चीनले नेपाल, पाकिस्तान, बंगलादेश, श्रीलंकालगायतमा चलाउदै आएको आक्रामक हस्तक्षेपकारी गतिविधिलाई नांगो हस्तक्षेपका रुपमा लिन थालिएको छ । प्रतिउत्तरमा भारत र चीन सम्बन्धमा पश्चिमा शक्ति प्रवेश गर्दै गएको परिदृश्यलाई नकार्न सकिँदैन।

> *अरु मुलुकमा आफ्नो सैनिक वा कुटनीतिक सम्प्रभुता जमाउन खोज्नु कुनै पनि अर्थमा उचित होइन। केही वर्ष यता चीनले नेपाल, पाकिस्तान, बंगलादेश, श्रीलंकालगायतमा चलाउदै आएको आक्रामक हस्तक्षेपकारी गतिविधिलाई नांगो हस्तक्षेपका रुपमा लिन थालिएको छ। प्रतिउत्तरमा भारत र चीन सम्बन्धमा पश्चिमा शक्ति प्रवेश गर्दै गएको परिदृश्यलाई नकार्न सकिँदैन।*

चीनले दक्षिणी छिमेकमा बढाएको गुप्तचरी अभियानको उदयले छिमेकी साना मुलुकमाझ ठूलो 'त्रासदी' उत्पन्न हुनु स्वाभाविक पनि हो। चीनले बढाएको सक्रियताको बाछिटा एसिया मात्रै होइन विश्वका सबै लोकतान्त्रिक शक्तिहरुलाई एक थलोमा आउन बाध्यात्मक परिस्थिती उत्पन्न गर्दै गएको छ।

## चाइना इन्टेलिजेन्स सर्भिसेज (सिआइएस)ले चलाएको अभियान

चीनको विश्वव्यापी उपस्थिति, गएको एक दशक यता नाटकीय उछालका रुपमा बढेको छ। युद्धकारी आयामबाट हेर्ने हो भन्ने चिनियाँ ख़ुफिया संस्थाहरुले चलाएको एक अभियानको रुपमा पनि हेर्न सकिन्छ । जसले विश्व समुदायमाझ ठूलो चुनौती बढाउँदै गएको छ । अफगानिस्तानमा उग्रधार्मिकमा आधारित तालिवानीहरु राज्य सञ्चालन, पाकिस्तानमा सुरु भएको राजनीतिक विद्रोह, श्रीलंकाको आर्थिक संकटजस्ता उथलपुथलले आउने समयमा ठुलौ चुनौती थपिने चिश्चित नै छ।

चिनियाँ गुप्तचर संस्था सिआइएसले मुख्य अनुसन्धानमा सिभिल र सैन्य दुवै एजेन्सीलाई जोडेर काम गरेको हुन्छ। उसको सबैभन्दा महत्वपूर्ण नागरिक एजेन्सी केन्द्रीय सुरक्षा मन्त्रालय (एमएसएस) हो, जसअन्तर्गत केन्द्रीय मन्त्रालय, प्रान्तीय डिभिजन र कतिपय प्रान्तीय वा स्थानीयस्तरका एजेन्सीहरुलाई समावेश गरिएका हुन्छन्। एमएसएस मुख्य रूपमा देशको अन्तरिक सुरक्षाका लागि बाहिरी र आन्तरिक ख़तरा पत्ता लगाउने र भविष्यका लागि सम्भावित रणनीतिक प्रोफाइल तयारी गर्नुका साथै विदेशीहरुको जासुसी गर्नमा केन्द्रित रहेको छ । सार्वजनिक सुरक्षा मन्त्रालय एमपिएस (मिनिस्ट्री अफ पब्लिक सेक्युरिटी) सँग आन्तरिक र बाह्य सहयोगी शाखाहरु हन्छन् । तर यो मुख्य रूपमा घरेलु इन्टेलिजेन्समा केन्द्रित रहेको छ । यनाइटेड फ्रन्ट वर्क डिपार्टमेन्टले पनि कतिपय अनुसन्धानात्मक काम पनि बाहिरी तथा आन्तरिक दुवै जिम्मेवारी सम्हाल्ने गर्दछ । पिपुल्स लिबरेसन आर्मी (पिएलए) को सैनिक इन्टेलिजेन्स एजेन्सीहरुमा प्रमुख ख़ुफिया इकाइ पिएलए स्ट्रेटेजिक सपोर्ट फोर्स हो, जुन ख़ुफिया, प्राविधिक सर्भिलेन्स, इलेक्ट्रोनिक युद्ध, साइबर अपराध र रक्षा तथा मनोवैज्ञानिक युद्धका जिम्मेवारी हेर्दै आएको छ । जनरल स्टाफ डिपार्टमेन्ट एवम जनरल पोलिटिकल डिपार्टमेन्ट पनि यसैको मुख्य कार्यभारमा पर्दछ।

सिआइएसको कार्यक्षेत्रमा विभिन्न आवरण अर्थात् बनाएर जासुसी समेस गरिएको हुन्छ, जसले ख़ुफिया जानकारी संकलन गर्दछ । उसको अन्य संस्थामा सिन्ह्आ, न्यू चाइना जस्ता सरकारी मिडिया तथा व्यापारिक संस्थानसमेत सामेल छन् । जुन यस्ता सरकारी मिडिया सेन्टर तथा व्यापारिक संस्थानहरु आफ्नो चार्टरमा ख़ुफिया गतिविधिसम्बन्धी जानकारीलाई लुकाएर मात्र प्रकाशित गरेका हुन्छन्। विदेशमा चीनले खोलेको विकास निर्माणका कार्यालय, एनजिओ, मैत्री संस्थान तथा शिक्षा मन्त्रालयअन्तर्गत जस्ता अन्य विभागका विदेशीलाई चिनियाँ नागरिकसँग सम्पर्क राखी ख़ुफिया गतिविधिमा जोडिएको हुन्छ। चीनको वैज्ञानिक र प्राविधिक सूचना संस्थानले, आन्तरिक इन्टेलिजेन्स प्रसारलाई सुगम बनाउनका लागि विदेशी प्राविधिक प्रकाशनलाई संकलन गर्ने एउटा औपचारिक प्रणाली स्तम्भको रुपमा स्थापित रहेको छ।

सबैभन्दा महत्वपूर्ण कुरा यो छ कि, चीन सरकार आफ्ना छिमेकी तथा विदेशी मुलुकमा आर्थिक जासुसी गर्न स्वदेशी व्यापारी तथा कारोबारीलाई प्रोत्साहन राशि दिने गरेको छ । नेपालमा आउने हरेक चिनियाँ नागरिकलाई सरकारले ५ करोड रुपैयाँ विनाब्याज व्यापार गर्न दिएर नेपाल पठाउने नियम राखेको छ।

जसअन्तर्गत भारतीय सीमाको समानान्तर चिनिया नागरिक आफ्ना साना उद्योग बढाउँदै लगेका छन्। चिनियाँ कम्पनीहरु यो रणनीतिक गतिशीलता सुरूमा पहिला इन्टेलिजेन्स कामसँग जोडिएको थिएन । चीनले छिमेकमा चलाएको अभियानलाई सफल बनाउन, सन् २०१७ मा नेसनल इन्टेलिजेन्स कानुनद्वारा नै यस्तो दबाबमुलक कानुन बनाइयो, जसको अनुच्छेद ७ र १४ मा स्पष्टरुपमा भनिएको छ, कि चिनिया कम्पनी र नागरिकले परेका बेला, देशको इन्टेलिजेज्स सेवालाई साथ दिनु पर्दछ । यो क़ानुनलाई व्यापकता दिन चिनिया टेलिकम्युनिकेसनको प्रसिद्ध कम्पनी हुआवेइको विरोध पछाडिको मुख्य कारण पनि यो नै हो।

सिआइएसले नेपाललगायत दक्षिण एसियाली गरिब मुलुकमा राजनीतिक दलका नेतालगायत सुरक्षा अधिकारीहरु माझ आफ्नो व्यापक हितैसी बढाउने उद्देश्यका साथ नै स्थापित गरेको छ। जसले राज्यको सुरक्षा जानकारीलगायत चीनको विस्तारवादी सोच र कुटनीतिक आवरणमा सैन्य अवधारणालाई कमिसनको बलमा लागु गर्ने षड्यन्त्रमा मलजल थप्ने काम गरेको छ।

परमाणु हतियार, मिसाइल प्रणाली, आइटी क्षमता, अन्तरिक्ष र उपग्रह अनुसन्धान कार्यक्रमका विकास र तैनाथीलगायत सबैखाले सुरक्षा प्रणालीमा आँखा गाड्नुका साथै अन्य रणनीतिकलगायतका विषयमा उनीहरुको निगरानी रहेको छ । सिआइएस स्वाभाविकरूपमा न केबल अफ्नो क्षमता र रुचीको क्षेत्रमा निर्णय लिने सूचना दिने गरेको छ। यो मायाजाललाई बुझ्दै, सुरक्षितरूपले मान्न सकिन्छ कि सिआइएसले वास्तवमा आफ्ना साना छिमेकी मुलुकलाई हतियार बनाएर भारतमाथि ध्यानकेन्द्रित गरिरहेको छ, जहाँ वास्तवमा केही उसको अपरेसनमा अवरोध भयो र विभिन्न सञ्चारमाध्यममा खुबै प्रचार भयो, तर यो त फिल्मको ट्रेलर मात्र हो। भारतीय समाचार रिपोर्टहरुमा २०१३ र २०१८ मा समातिएका केही परम्परागत जासुसी गतिविधिलाई दर्शाउने भारतभित्र सिआइएसको केन्द्रित पेशेवर प्रणालीयहरुको उपस्थिति हो । नेपालका कतिपय बैंकको सर्भरलाई ह्याक गरेर करोडौं रुपैयाँ निकाल्नेदेखि सुन तस्करी तथा राजधानीको ठमेल एरियालाई आपराधिक अखडा बनाउने सिआइएसको मायाजाल नै हो। तिब्बती शरणार्थी रहेका ठाउँमा आफ्ना एजेन्ट बनाउनेदेखि मधेशका हरेकको व्यापारिक सहरमा उद्योग सञ्चालनको कभरमा गरिएको चिनियाँ गुप्तचरी आउने समयका लागि ठूलो चुनौती नै हो।

भन्निछ कि, यसको दूरगामी हस्तक्षेपले अधिक अप्रत्यक्ष सम्बन्धको साथ नेपाललगायत दक्षिण एसियाका मुलुकमा हुने सबै साइबर हमलाको एक तिहाई चीनबाट उत्पन्न गरिन्छ। अर्कातर्फ चीनबाट उत्पादित सबै तोकप्रिय मोबाइलको एप्स सक्रियरूपमा मुलुकका सुरक्षा संस्था तथा पदाधिकारीको खुफिया जानकारी जुटाउने गरेको छ । २००९ मा भारतीय विभिन्न मिडियाले चिन्तासमेत व्यक्त गर्दै प्रकाशित गरेका थिए कि इन्टेलिजेन्स जुटाउनु र नेपालमा भारतीय नजदिकका २४ भन्दा बढी ठाउँमा चिनियाँ स्टडी सेन्टर स्थापना एवम् लगभग ३० भन्दा बढी व्यावसायिक कम्पनी सञ्चालन सम्भवतः नेपालमा चीनको प्रभाव बढाउन नै हो।

● ● ●

# सुन्दरता के हो ?

> "चलचित्र बनाउँदा चरित्रलाई पर्दामार्फत दर्शकसम्म पुर्‍याउनु पर्छ । तर, चलचित्रहरुमा निर्देशकको स्वार्थअनुसार चरित्र निर्माण भइरहेका छन् । ती स्वतन्त्र छैनन् ।" उले निर्देशन गरेको "डाकिनी" सरल छ । "प्रयास गर्नुपर्छ । पात्रलाई चरित्र अनुसार छोड्नु पर्छ । ऊ पर्दामा नभई दैनिकीमा हिरो बन्न सक्नुपर्छ ।"

• भेषराज काकी

सुन्दरता के हो ? बाहिरी जरुरी छ कि भित्री ? यसको परिभाषा के हुनसक्छ ? यी र यस्तै विषयमा बौद्ध धर्मका गुरु खिन्से नोर्बु (जोङ्सार खिन्से रिम्पोछे) ले चर्चा गरे। विश्वमै फरक फरक रूपमा आफूलाई परिचित गराउन सफल नोर्बुले 'ब्युटी इज अ ट्र्याप' (सुन्दरता एउटा जाल हो) विषयमा चर्चा गर्दै आफ्नो बुझाइ राखे। जेठ ५ गतेबाट प्रदर्शनरत चलचित्र 'डाकिनी' को नेपाल प्रदर्शनका लागि उनी नेपालमा छन्।

चलचित्र 'द कप', 'ट्राभल्स एन्ड म्याजिसियन्स', 'हिमा हिमा : सिङ्ग मी अ सङ ह्वाइल आई वेट' लगायतका उनी निर्देशित चलचित्र विश्वभर प्रख्यात छन्। त्यसैले पनि उनको नेपाल आगमन चलचित्र प्रेमीका निमित्त खास छ। विश्वभरका चलचित्रकर्मीसँग काम गरेका निर्देशक नोर्बुले 'चलचित्रको सुन्दरता' के बुझ्नुभएको छ त ? उनको सरल जवाफ छ, 'जे तटस्थ छ, त्यहीँ सुन्दर छ।'

उनले चलचित्रलाई बुझ्ने तरिका र शैली अन्यभन्दा फरक छ। अङ्ग्रेजी नाम 'लुकिङ फर अ लेडी विथ फ्याङ्स एन्ड मुस्टाच' मार्फत विश्वभर प्रदर्शन भएको चलचित्र 'डाकिनी'मा बौद्ध ग्रन्थमा बज्रयोगिनी, ताराजस्ता देवी (डाकिनी)का कथा छन्। देवी खोजिने चलचित्रमा बौद्ध ग्रन्थको सुन्दर आयामलाई प्रस्तुत गरिएको छ।

काठमाडौँमा क्याफे सञ्चालनको तयारीमा रहेका तिब्बती मूलका युवालाई सपनामा केही सङ्केत मिल्छ । उसको साथीले सपनाको अर्थ खुलाइदिन्छ र भन्छ, 'तिमी सात दिन बाँच्छौँ।' तर, जब उसले यो सङ्कट डाकिनीले हटाउन सक्ने थाहा पाउँछ अनि सुरु हुन्छ डाकिनीको खोजी । उसले डाकिनी कहाँ फेला पार्छ ? उसको जीवन बच्छ कि बच्दैन ? यसकै वरपर चलचित्रको कथा बगेको छ।

सामान्यतया चलचित्रमा सात दिनमात्र बाँच्छ भन्ने थाहा पाएको पात्रले के-के गर्छ होला ? हामीले केही यस्ता चलचित्र हेरेका पनि छौँ। तर 'डाकिनी' फरक छ। त्यहाँ पात्रले आफ्नै दिनचर्यामा खोजी गर्छ। उसको पीडा र सङ्घर्ष उस्तै छ, तर व्यक्त गर्ने तरिका फरक। किनकि यसलाई निर्माण गर्दा तटस्थ रहेर निर्माण गर्ने प्रयास गरिएको छ। उहाँले भने झैँ चलचित्रमा प्रस्तुत हुने चरित्र सकारात्मक होस् या नकारात्मक हामीले यस्तो होला ? भन्ने अनुमान गरिहाल्छौँ।




चलचित्रमा गीत हुनुपर्छ, द्वन्द्व हुनुपर्छ भन्ने हाम्रो मानसिकता नै छ। अभिनेताले नकारात्मक चरित्र निर्वाह गरेका सयौँलाई पिट्न सक्छ। यो हामीले देख्दै आएको चलचित्रको शैली वा प्रस्तुतीकरण हो। तर, पर्दा भन्दा बाहिर सम्भव छ त ? छैन भने समाजसँग कसरी जोडिएको छ ? वा समाजको कथालाई पर्दामा न्याय गरेको छ त ? निर्देशक नोर्बु भन्छन्, 'चलचित्र बनाउँदा चरित्रलाई पर्दामार्फत दर्शकसम्म पुर्‍याउनु पर्छ। तर, चलचित्रहरूमा निर्देशकको स्वार्थअनुसार चरित्र निर्माण भइरहेका छन्। ती स्वतन्त्र छैनन्।' उले निर्देशन गरेको 'डाकिनी' सरल छ। 'प्रयास गर्नुपर्छ।

पात्रलाई चरित्र अनुसार छोड्नु पर्छ। ऊ पर्दामा नभई दैनिकीमा हिरो बन्न सक्नुपर्छ,' उनले भने, 'चलचित्र भन्ने बित्तिकै तयार हुने वा बुझिने चित्रलाई भत्काउनु जरुरी छ। अनिमात्र चलचित्र बनाउन सकिन्छ।' चलचित्रलाई निर्देशकले निर्देशन गरे पनि आफ्नो रोजाइलाई प्रस्तुत गर्न नहुने उनी बताउँछन्। निर्देशक चरित्र बाँचिरहेका पात्रलाई सोही अनुरुप पर्दामा ल्याउने माध्यम मात्र बन्नुपर्ने उनको बुझाइ छ।

चलचित्रबारे निर्माण भएको भाष्यशैलीलाई परिवर्तन गर्न सकेमात्र फरकपन महसुस हुने उनको भनाइको तात्पर्य थियो। 'हाम्रो शैलीमा भिन्नता आए कथा फरक हुन्छ। म चलचित्रमा नदेखिउँ (निर्देशककै स्वार्थमा मात्र नबनोस्) भन्ने लाग्छ। अनिमात्र म कथा भन्न सफल हुन्छु। नत्र त्यो मेरोअनुसार चल्ने चित्र बन्छ,' उनले भने। लगभग तीनसय चलचित्रकर्मी र प्रेमीमाझ उनले आफूले गरेको काम र आफ्नो बुझाइलाई प्रस्तुत गरिरहेका थियो। सुन्दरताको स्थापित मान्यता वा खोजिन सक्ने तथ्यलाई महसुस गर्न उनले सुझाउनु भयो। चलचित्रलाई उनी माध्यमका रुपमा बुझ्छन्।

उनको चलचित्रमा ठूला घटना क्रम हुँदैनन्, छैनन् पनि। किनकि उनी समाज वा वास्तविकताभन्दा बाहिरका चित्रमार्फत दर्शकलाई प्रभावित पार्न चाहन्न्। वास्तविकतासँग नजिक रहेर पात्रलाई यात्रा गराउन चाहन्छन्।

उनले चलचित्र निर्देशन गर्ने तय गरेपछि अनुसन्धान गरे। आम मानिस भेला हुने, बस्ने शैलीलाई नियाले। चलचित्रभित्र एउटा चिया पसल देखाइएको छ। जहाँ बज्ने गीतसङ्गीतका विषयमा उनले सोही ठाउँमा पुगेर अध्ययन गरेका रहेछन्। 'चिया पसलमा नेपाली साथीहरुसँग पुगेँ। त्यहाँको माहोल बुझ्ने कोसिस गरेँ। रेकर्ड गरेँ। नबुझेका कुरा नेपाली साथीलाई सोध्थेँ,' उनले भने। त्यसो त यो चलचित्र बन्ने तय एक ट्रेकिङको समयमा भएको रहेछ। नेपाली कथालाई पर्दामा ल्याउने तय भएपछि 'डाकिनी' तयार भयो। झन्डै १० करोड बजेटको यो नेपाली निर्माता संलग्न भएको संवत् अहिलेसम्म कै महँगो चलचित्र हो। तर, यसको व्यापारको विषयमा कहिले चर्चा भएन।

६० प्रतिशत तिब्बती र ४० प्रतिशत नेपाली भाषाको प्रयोग भएको चलचित्रको छायाङ्कन पनौती र पाटनमा भएको छ। चलचित्रमा छिरिङ तासी, तेन्जिङ कुन्सेल, कार्म, दिव्यदेव लगायतले अभिनय गरेका छन्।

# मनाङमा वैशाखमा मात्रै तीन हजार बढी पर्यटक भित्रिए



**रासस**
**मनाङ।**
हिमाली जिल्ला मनाङमा नयाँ वर्ष २०८० को पहिलो महिनामा सबैभन्दा बढि इजरायलका पर्यटकले भ्रमण गरेका छन् । जोखिमयुक्त पदमार्ग मध्ये विश्वकै १० औं स्थानमा पर्ने अन्नपूर्ण पदमार्गमा इजरायली पर्यटकले भ्रमण गरेका हुन् । नेपाल आउने पर्यटक मध्ये अधिकांश पर्यटक मनाङ पुग्ने गरेका छन् । जिल्लामा वर्षको पहिलो महिनामा सबै भन्दा बढि इजरायलका नागरिकले भ्रमण गरेको अन्नपूर्ण क्षेत्र संरक्षण क्षेत्र आयोजना (एक्याप) का तमकाशी गुरुङले जानकारी दिए । उनका अनुसार पाँच सय ५१ इजरायली नागरिकले मनाङ भ्रमण गरेको तथ्याँकमा उल्लेख छ ।

त्यस्तै, तीन सय ४९ फ्रान्सका नागरिकले भ्रमण गरेका छन् । रसियन तीन सय ३२, युनाइटेड किङडम (यु.के.) का दुई सय दुई, युनाइटेड स्टेटस (यु.एस.) का एक सय ९५, जर्मनीका एक सय ७७, अष्ट्रेलियाका एक सय ७३, भारतका एक सय २९, नेदरल्यान्डका एक सय २९ सहित ७३ देशका नागरिकले मनाङ भ्रमण गरेका अन्नपूर्ण क्षेत्र संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख लेखनाथ गौतमले जानकारी दिए ।

उनका अनुसार वैशाखमा मात्रै ७३ राष्ट्रका एक हजार नौ सय ३० पुरुष र एक हजार तीन सय ५८ महिला तथा एक अन्य गरि कूल तीन हजार दुई सय ८९ नागरिकले मनाङ भ्रमण गरेका छन् । 'विगतमा कोभिड-१९ को संक्रमण र बाढी पहिराको जोखिमले गर्दा पर्यटकको आवागमन ठप्प रहेकामा अहिले चलायमान भएको छ', प्रमुख गौतमले भने । कोभिड-१९ को संक्रमण पश्चात् सहज बनेको जनजीवनले गर्दा अहिले विश्वका पर्यटक नेपाल आउने क्रम जारी छ । विभिन्न देशका नागरिक नेपाल भित्रिने क्रममा विशेष गरि मनाङको अन्नपूर्ण पदमार्ग यात्रामा अउने गरेका छन् । विश्वकै जोखिम पदमार्गका रूपमा परिचित अन्नपूर्ण पदमाग यात्राका लागि विदेशी पर्यटक विशेष गरि आउने गरेको एक्यापका प्रमुख गौतमले बताए ।

विगतमा एक पनि मनाङको जोखिम स्थलमा भ्रमण आउने पर्यटकलाई समस्या हुने गरेको थियो । अहिले बर्षात समय शुरु भएकोले पदमार्गको यात्रा गर्दा सम्भाव्य जोखिमका बारेमा जानकारी गराएर पठाउने गरेको गौतमको भनाई छ । 'पर्यटक एक्लै यात्रामा जाँदा बिरामी पर्ने, हराउने र जोखिम क्षेत्रमा खोजी कार्य गर्न समस्या भएपछि नेपाल सरकारले गाइड बिना यात्रामा जान रोक लगाएको छ, अहिले गाइड लिएर मात्रै पर्यटक आउने वा यात्रा गर्ने गरेका छन्', उनले भने 'यो प्रावधानले हामीलाई पनि सहज भएको छ ।' गाइड भएपछि सूचना पाउन सहज भएको उनको भनाई छ । यात्राका क्रममा पर्यटक बिरामी परेको खण्डमा गाइडको सहयोग हुने हुँदा सहज हुने गरेको पर्यटकहरु बताउँछन् । पर्यटकको आवागमन बढेपछि मनाङका होटल तथा पर्यटन व्यवसायीमा खुशियाली छाएको छ । केही समय अगाडि मात्रै मनाङ पर्यटकको आवागमन बढेसँगै होटल पाउन सकस भएको पर्यटन व्यवसायी विनोद गुरुङले बताए । पर्यटक वृद्धि हुँदा मनाङको आयस्तर समेत बढि हुने गरेको छ ।

पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नाका साथै मनाङबाट थोराङ्ला पास गरि मुस्ताङ र कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा छ । अन्नपूर्ण पदमार्गमा लमजुङ सहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरि पाँच जिल्ला जोडिएको छ । काठमाडौँदेखि बैंसी सहरसम्म सवारी साधनमा पर्यटक आउने गर्दछन् । पदमार्ग मार्फत मनाङका विभिन्न स्थानको अवलोकन सहित यात्रामा जाने गरेका छन् ।

## वातावरणीय स्वःअनुगमन प्रतिवेदन बुझाउँदै उद्योगहरू



**रासस**
**काठमाडौँ।**
सरकारले वातावरण संरक्षण ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम सूचना जारी गरेपछि उद्योग, प्रतिष्ठान एवं आयोजनाहरूले धमाधम वातावरणीय स्वःअनुगमन सम्बन्धी प्रतिवेदन बुझाउन थालेका छन् ।

कानुनी प्रावधान अनुसार चालु आर्थिक वर्षको नौ महिनामा २५ उद्योग, प्रतिष्ठान एवं आयोजनाले वातावरणीय स्वःअनुगमन सम्बन्धी प्रतिवेदन बुझाएका वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण विभागले जनाएको छ । विभागले गत चैत ५ गते स्वःअनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धी जरुरी सूचना सार्वजनिक गरेको विभागका निमित्त महानिर्देशक तारादत्त भट्टले जानकारी दिए ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वातावरण विभागले नेपाल सरकारले लागू गरेका वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा अनुगमन तथा मूल्याँकन गर्ने प्रावधान छ । यसैगरि वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ मा प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा त्यसबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरि प्रतिवेदन विभागमा पेश गर्ने कानुनी व्यवस्था छ । विभागले देशभर रहेका उद्योग, प्रतिष्ठान एवं आयोजनाले वातावरण संरक्षण नियमावलीको नियम ४५ मा भएको व्यवस्था अनुसार स्वःअनुगमन गरि विभागमा अनिवार्य प्रतिवेदन पेश गर्न सूचित गरेको छ । स्वःअनुगमन गरि प्रतिवेदन पेश नगरेमा प्रचलिन कानुन बमोजिम कारबाही हुने निमित्त महानिर्देशक भट्टले बताए ।

यस अवधिमा हालसम्म दोर्दी जलविद्युत् आयोजना (१२ मेगावाट), नुप्चे लिखु जलविद्युत् आयोजना, सिजी फुड्स नेपाल प्रा.लि. माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, युनाइटेड सिमेन्टस प्रा.लि., सोल्टी होटल लिमिटेड, सौरभ खाद्य उत्पादन प्रा.लि., नेपाल मेडिकल कलेज प्रा.लि. शिक्षण अस्पताल, एमटेक मेड प्रा.लि., हुलास स्टील उद्योग लिमिटेड, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, तनहुँ जलविद्युत् लिमिटेड, एसआर ड्रग ल्याबोरोटरी प्रा.लि.ले प्रतिवेदन बुझाइ सकेका छन् ।

यस्तै, लाइभ फर्मास्युटिकल प्रा.लि., सूर्य निवास रेसिडेन्सियल अपार्टमेन्ट र लिफ रिड्राइङ प्लान्ट, म्यागनस फर्मा प्रा.लि., पशुपति आइरन एण्ड स्टिल प्रालि, दोर्दीखोला जलविद्युत् आयोजना (२७ मे.वा.), हिमगिरी हाईजिन प्रा.लि., न्यू होप एग्रो बिजिनेस नेपाल प्रा.लि., ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल, माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना, टाइगर वान प्रा.लि., माई जलविद्युत् आयोजना १३२ केभि प्रशारण लाईन, माई जलविद्युत् आयोजनाले वातावरणीय स्वः अनुगमन सम्बन्धी प्रतिवेदन बुझाएका छन् ।

कतिपय उद्योग, प्रतिष्ठान एवं आयोजनाबाट अझैसम्म पनि स्वःअनुगमन प्रतिवेदन प्राप्त हुन् नसकेको भन्दै विभागले यही जेठ २ गते पुनः सोही सूचना जारी गरि स्वःअनुगमन गरेर प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो । स्वःअनुगमन प्रतिवेदन नबुझाउने उद्योग प्रतिष्ठान / आयोजनालाई प्रचलित कानुन बमोजिम कारबाही हुने र उद्योग / प्रतिष्ठान / आयोजनाको नाम सार्वजनिक रूपमा प्रकाशित गरिने विभागले जनाएको छ ।

## व्यापार घाटा न्यूनीकरणमा लागौँ : मन्त्री

रासस
काठमाडौँ ।
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले व्यापार घाटा न्यूनीकरण गर्न आआफ्नो क्षेत्रबाट इमान्दारिताका साथ भूमिका निर्वाह गर्न आग्रह गरेका छन् । बुधबार मन्त्रालयमा आयोजित व्यापार घाटा न्यूनीकरण कार्ययोजना र नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयनसम्बन्धी बैठकमा उनले सो कुरा व्यक्त गरेका हुन् ।

नेपालमा नीति बन्ने तर कार्यान्वयनमा कम जाने तथा कार्यान्वयनमा लगिएका नीतिले पनि वाञ्छित नतिजा हासिल गर्न नसकेको भनी आलोचना हुने गरेको जनाउँदै मन्त्री रिजालले व्यापार घाटा न्यूनीकरणमा सबै क्षेत्रको सहयोग आवश्यक रहेको बताए । 'नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यान्वयन खाकाबमोजिम आवश्यक साधन स्रोतको व्यवस्था गरी लक्षित क्रियाकलाप सञ्चालन गर्ने, निर्धारित सूचक प्राप्त गर्ने र सोको माध्यमबाट उल्लेख्यमात्रामा निर्यात व्यापार प्रवर्द्धन, व्यापार घाटा न्यूनीकरण तथा विदेशी मुद्रा प्राप्तिको वर्तमान अवस्था सुधार गर्न सफलता प्राप्त हुनेछ', मन्त्री रिजालले भने ।

नेपालले विगत केही वर्षदेखि सामना गरिरहेको बढ्दो व्यापार घाटालाई सम्बोधन गर्न २०७९ चैत २८ गतेको मन्त्रिपरिषद् बैठकबाट व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना स्वीकृत भएको थियो । गत वैशाख २६ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल व्यापार एकीकृत रणनीति, २०८० स्वीकृत गरेको थियो ।

## रासायनिक मल आपूर्ति भएपछि किसान उत्साहित

**रासस**
**डुम्रे।**
तनहुँ जिल्लामा रासायनिक मल आपूर्ति भएपछि किसान उत्साहित भएका छन् । व्यास नगरपालिका-१ का मिनबहादुर दरैले मल आएपछि यसपाली त बालीनाली राम्रो हुने आशा जागेको बताए । 'मल आएको छ भन्ने थाहा पाएपछि हतारमा अन्य काम छाडेर मल लिन दौडिएँ, कम नै भएपनि मल पाएपछि थोरै थोरै गरि हाल्ने र फसल लाग्ने बेलाको धान, मकैमा राम्रो फसल लाग्ने आशा जागेको छ', उनले भने ।

नवीन उपभोक्ता सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित रासायनिक मलको सुपथ मूल्य पसलमा लाइनमा बसी मिन बहादुरले झैँ अन्य किसानले पनि मल लिएका छन् । मलको अभावले आत्तिएका किसानले कमै मात्रामा मल पाउँदा पनि राहत मिलेको बताए । कृषि सामग्री कम्पनी लिमिटेड तनहुँ शाखामा केही दिन अगाडि मात्रै अनुदानको एक हजार तीन सय ३१ मेट्रिक टन रासायनिक मल आएपछि वितरण थालिएको कम्पनीले जनाएको छ । जिल्लामा आपूर्ति भएको रासायनिक मल पालिकाले सिफारिस गरेको सहकारी मार्फत बिक्रीका लागि केही स्थानमा पठाइ सकिएको छ भने केहीमा लिन आउने क्रम जारी रहेको लिमिटेडका शाखा प्रमुख दिनेश शर्माले जानकारी दिए ।




चालु आर्थिक वर्षको जेठ ९ गतेसम्ममा जिल्लामा आठ सय २७ मेट्रिकटन युरिया, चार सय ८३ मेट्रिकटन डिएपी र ६८ मेट्रिकटन पोटास बिक्री वितरणका लागि पठाइएको उनले बताए । हालसम्म कम्पनीले तनहुँ र लमजुङ जिल्लामा एक हजार तीन सय ७८ मेट्रिक टन रासायनिक मल बिक्रीका लागि पठाइ सकेको छ । कम्पनीले चालु आर्थिक वर्षको जेठ ९ गतेसम्म तनहुँका किसानलाई चार सय ८० मेट्रिक टन युरिया, तीन सय ५० मेट्रिक टन डिएपी र ३७ मेट्रिक टन पोटास बिक्री गरेको प्रमुख शर्माले बताए । उनका अनुसार यहाँबाट लमजुङका किसानका लागि दुई सय ६२ मेट्रिक टन युरिया, ८९ मेट्रिक टन डि.ए.पी. र १७ मेट्रिक टन पोटास विक्रीका लागि सहकारीमा पठाइएको छ । शाखाले तनहुँ लगायत लमजुङ र गोर्खा हेर्नु पर्ने हुन्छ । तनहुँ र लमजुङका लागि यस कार्यालयमा मल आपूर्ति हुने भएपनि गोर्खाका लागि ढुवानीकै क्रममा गोर्खा पठाउने व्यवस्था गरिएको छ । तनहुँमा ९० बिक्रेता, लमजुङमा ४४ र गोर्खामा ६३ गरि कूल एक सय ५७ बिक्रेता मार्फत रासायनिक मल बिक्री वितरण हुँदै आएको छ । तनहुँका सबै पालिकामा मल वितरणका लागि बिक्रेता छन् ।

व्यास नगरपालिकामा २१, भानु नगरपालिकामा १९ र शुक्ला गण्डकी नगरपालिकामा १३ बिक्रेता मार्फत मल बिक्री वितरण हुँदै आएको छ । त्यस्तै लमजुङको राइनासकोट नगरपालिकामा १३ र सुन्दरबजार नगरपालिकामा १३ बिक्रेता मार्फत मल वितरण भइरहेको प्रमुख शर्माले जानकारी दिए । अनुदानको मल वितरण केन्द्रिय समितिको समन्वयमा मुलुक भरका किसानका लागि कूल १२ लाख मेट्रिकटन रासायनिक मल आपूर्ति गर्नु पर्नेमा वार्षिक चार लाख मेट्रिक टन मात्रै मल आपूर्ति आपूर्ति हुँदै आएको छ ।

गण्डकी प्रदेशका लागि तीन प्रतिशत मल आपूर्ति हुने गरेको छ । उक्त परिमाणको रासायनिक मल ११ जिल्लाका किसान समक्ष पुऱ्याउनुपर्ने अवस्था रहेको प्रमुख शर्माले बताए । गण्डकी प्रदेशको ११ जिल्ला मध्ये नवलपुर जिल्लालाई बढि र त्यसपछि कास्की तथा तनहुँलाई अनुदानको मलको व्यवस्था हुने गरेको छ । यस पटक कूल पाँच सय ४३ दशमलव छ मेट्रिक टन मात्रै रासायनिक मल आपूर्ति भएको छ । मुलुकभरका लागि नै कम रासायनिक मल आपूर्ति हुँदा समस्या भएकाले मलको कोटा वृद्धि गर्नुपर्ने अवस्था रहेको उनको भनाइ थियो । 'प्रदेशका लागि कम्तिमा आठदेखि १० प्रतिशतसम्म अनुदानको मल वृद्धि गर्नुपर्ने अवस्था भएकाले जिल्लाका राजनीतिक दल, नेतृत्व तहमा रहेको नेताले आपूर्ति बृद्धिका पहल गर्नुपर्ने हुन्छ', प्रमुख शर्माले भने 'हाल रासायनिक मल प्रयोग नगरी उत्पादन नहुने भएको छ, सहरीकरणका कारण खेतीयोग्य भूमि सागुरिँदो अवस्थामा छ, खेती योग्य जमिन घट्दो र उत्पादन बढी लिन खोज्दा बर्सेनि माग बढ्दै गएको हो ।'

स्थानीय तहको सिफारिसमा सहकारी मार्फत मल बिक्रीका लागि पठाइने गरिएको छ । उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा कृषि शाखा अधिकृत, प्रशासकीय अधिकृत संलग्न रहेको समिति मार्फत सिफारिसमा परेका सहकारीले रासायनिक मल बिक्री विरतरण गर्दै आएका छन् ।

किसानबाट बढि मूल्य तिर्नु परेको भन्ने गुनासो आइरहेकाले तोकिएको मूल्यमा मल बिक्री वितरण गरिएको छ वा छैन भन्ने विषयमा स्थानीय तहले चासोका साथ अनुगमन गर्नुपर्ने अवस्था रहेको कार्यालयले जनाएको छ । आगामी वर्षका लागि तीन हजार मेट्रिक टन युरिया, एक हजार मेट्रिक टन डि.ए.पी. र एक सय ५० मेट्रिक टन पोटास आवश्यक रहेकोले आपूर्तिका लागि पहल गर्नुपर्ने अवस्था रहेको उनले बताए । सरकारले प्रयाप्त बजेट विनियोजन गर्न नसक्दा बर्सेनि मलको अभाव हुने गरेको छ । सरकारले पैसामा अनुदान दिदै आएकोमा परिमाणमा अनुदान दिने व्यवस्था गरे मुलुकमा आवश्यक मल आपूर्ति सहज हुनेछ । पैसामा अनुदानको घोषणा गर्दा मूल्यमा हुने उतार चढावले समस्या हुने गरेको सरोकारवावाले बताए ।

## अष्ट्रेलियाको सिड्नीमा उडान गर्ने नेपाल एयरलाइन्सको तयारी

रासस
काठमाडौँ।
राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अष्ट्रेलियाको सिड्नी विमानस्थलमा उडानको समय (स्लट) पाएको छ।

सिड्नी विमानस्थलले निगमलाई सातामा दुई उडानका लागि अनुमति र स्लट दिएको हो । विमानस्थलले बिहीबार र शनिबारका लागि स्लट दिएको निगमले उल्लेख गरेको छ।

विमानस्थलबाट उडानका लागि अनुमति पाएसँगै निगमले अष्ट्रेलियाली नागरिक उड्डयनसँग उडान अनुमतिका लागि आवश्यक कागजात बुझाएको छ । निगमका सहायक प्रवक्ता गणेशकुमार घिमिरेका अनुसार निगमको जहाज तत्काललाई सिङ्गापुरमा 'टेक्निकल अवतरण' गरेर सिड्नी उड्नेछ।

'आगामी असार ६ गते (जुन २१ तारिख) लाई लक्षित गरेर उडान स्वीकृतिका लागि स्लट, अवतरण पर्मिटलगायतका लागि आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ, स्लट पाइएको छ, बाँकी प्रक्रियामै छ', उनले भने । उडानका लागि निगमले हाल जिएसए (जनरल सेल्स एजेन्ट) छनोट लगायत प्रक्रिया पनि अगाडि बढाएको छ।

त्यस्तै, निगमले सिङ्गापुर र सिड्नीमा इन्धनका लागि पनि कम्पनी छनोटको काम गरिरहेको उल्लेख गरेको छ । सिङ्गापुर र सिड्नी विमानस्थलका लागि एमआरओ (मेन्टेनन्स, मर्मत र अपरेशन) समेत छनोट गरिसकेको छ । निगमले वाइडबडी 'ए' ३३० जहाजबाट अष्ट्रेलियाको सिड्नीमा सिधा उडानको तयारी गरेको जनाएको छ।

**मलेसिया-भैरहवा एघार हजार चार सय ६१ मै उडाउने**

वायुसेवा निगमले यही जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान सुरु गर्दैछ । सो अवसरमा निगमले मलेसियाबाट प्रवर्द्धनात्मक भाडादर रु ११ हजार चार सय ६१ कायम गरेको छ । यो मलेसियाबाट भैरहवा उडानका लागि मात्र हो।

'मलेसिया-भैरहवा-काठमाडौँका लागि अत्यन्तै सस्तो शुल्कमा टिकट उपलब्ध गराएका छौँ', निगमका सहायक प्रवक्ता घिमिरेले भने । उनका अनुसार मलेसिया-भैरहवाका लागि रु एघार हजार चार सय ६१ र मलेसिया-भैरहवा-काठमाडौँका लागि रु १२ हजार तीन सय ४६ भाडादर कायम गरिएको छ । निगमको उडान नम्बर आरए ४२१ जहाज जेठ २९ गते काठमाडौँबाट मलेसियाको क्वालालम्पुर उडान गर्ने र जेठ ३० गते आरए उडान नम्बर ४२२ जहाज क्वालालम्पुरबाट भैरहवा हुँदै काठमाडौँ आइपुग्ने उडान तालिका रहेको छ । यो गन्तव्यमा निगमको न्यारो बडी 'ए' ३२० जहाजले उडान भर्नेछ।

## नेप्से १६ दशमलव ४९ अंकले बढ्यो



**रासस**
**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा १६ दशमलव ४९ अँकको वृद्धि भएको देखिएको छ । बुधबार नेप्से परिसूचक शून्य दशमलव ८५ प्रतिशतले बढेर एक हजार नौ सय ५९ दशमलव १२ अँकमा कायम भएको हो।

बुधबार दुई सय ७० कम्पनीको ४८ लाख ६५ हजार चार सय ७५ कित्ता शेयर ३४ हजार आठ सय ४१ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ८७ करोड ३० लाख १८ हजार बराबरको कारोबार भएको छ । वित्त, जलविद्युत् र म्युचुअल फन्ड समूहको उपसूचक क्रमशः सात दशमलव ४५, सात दशमलव ५१ र शून्य दशमलव ०३ अँकले घटेको छ । अरु सबै समूहको उपसूचक भने बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूहको उपसूचक दुई सय २० दशमलव ६६ र होटल तथा पर्यटन समूहको उपसूचक एक सय ७१ दशमलव ४७ अँकले बढेको छ। बैंकिङ समूह दुई दशमलव १५, विकास बैंक शून्य दशमलव ३०, लगानी शून्य दशमलव ३४, जीवन बीमा एक सय २० दशमलव २० र लघुवित्त समूह ७७ दशमलव ११ अँकले बढेको छ । त्यसैगरि, निर्जीवन बीमा समूह एक सय २१ दशमलव ४५, व्यापार समूह ३५ दशमलव १५ र अन्य समूह २१ दशमलव ०९ अँकले बढेको छ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सानिमा इक्विटी फण्डको शेयर मूल्यमा तीन दशमलव ७७ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १४ करोड ६४ लाख ९१ हजार बराबरको तीन लाख २६ हजार ३४ कित्ता शेयर खरिद बिक्री भएको छ।

## बन्दीपुर केबुलकारको लठ्ठा भार परीक्षण सुरु




प्रति घण्टा पाँच सय यात्री बोक्न सक्ने क्षमता रहेको केबुलकार विभिन्न सिफ्ट गरेर दैनिक बिहान ६ देखि राति ११ बजेसम्म सञ्चालन हुनेछ। केबुलकारले साँझ ५ देखि राति ११ बजेसम्म रेष्ट्रो क्याबिन रेस्टुरेन्ट एवं आराम कक्ष सञ्चालन गरेर नयाँ स्वाद पस्किने तयारी गरेको छ। विसं २०७५ साउनदेखि केबुलकार निर्माणको कामलाई अगाडि बढाइएको थियो ।

**रासस**
**दमौली ।**
तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माण गरिएको केबुलकार डेढ महिना भित्र व्यावसायिक रूपमा सञ्चालनमा आउने भएको छ। केबुलकारको सम्पूर्ण काम सकिएको र अब परीक्षण शुरुवात भएको बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडले जनाएको छ।

लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले डेढ महिना भित्र व्यावसायिक रूपमा सञ्चालनमा ल्याउने तयारी सहित परीक्षणको कामलाई अगाडि बढाइएको जानकारी दिए। शर्माले लट्ठाको भार परीक्षण काम सुरु भएको बताए। उनले भने 'टावर जडानको काम सकियो, अब हामीमा ढिलोमा डेढ महिना भित्र केबुलकार सञ्चालन गर्छौं, अब केबुलकारको परीक्षण सुरु गरेका छौँ।' उनका अनुसार भार परीक्षणका लागि १५ दिन सामान बोक्ने डब्बा सञ्चालन गरिनेछ। उनले भने 'उक्त डब्बामा ढुङ्गा पठाएर भार परीक्षणको काम भइरहेको छ, यसका लागि १०/१५ दिन त्यसको परीक्षण हुन्छ।' त्यसपछि मान्छे बोक्ने डब्बाको परीक्षण हुनेछ। त्यसको अवधि पनि १५ दिनको रहनेछ। लगत्तै आकर्षक क्याबिनको परीक्षण गर्ने तयारी गरिएको छ। 'सबै परीक्षण सकिएर ४५ दिनपछि प्रमाणपत्र पाएर व्यावसायिक रूपमा केबुलकार संचालनमा ल्याइने उनको भनाई छ।

तीन चरणका काम सम्पन्न पश्चात् अन्तर्राष्ट्रिय प्रविधि तथा सुरक्षा गुणस्तर परीक्षण प्रमाणपत्र र अन्य सबै खालका सुरक्षा एवं सम्पन्न सम्बन्धित प्रमाणपत्र प्राप्त गरिने लिमिटेडका गुणस्तर एवं प्रविधि निर्देशक सुप्रियो मण्डलले जानकारी दिए। उनले भने 'सुरक्षा र गुणस्तर पहिलो भन्ने कम्पनीको न्यूनतम मान्यता रहेकाले हतारमा प्रतिस्पर्धाका लागि मात्र केबुलकारलाई व्यावसायिक सञ्चालनमा ल्याउँदैनौँ।'

प्रति घण्टा पाँच सय यात्री बोक्न सक्ने क्षमता रहेको केबुलकार विभिन्न सिफ्ट गरेर दैनिक बिहान ६ देखि राति ११ बजेसम्म सञ्चालन हुनेछ। केबुलकारले साँझ ५ देखि राति ११ बजेसम्म रेष्ट्रो क्याबिन रेस्टुरेन्ट एवं आराम कक्ष सञ्चालन गरेर नयाँ स्वाद पस्किने तयारी गरेको निर्देशक तारानाथ उपाध्यायले जानकारी दिए। विसं २०७५ साउनदेखि केबुलकार निर्माणको कामलाई अगाडि बढाइएको थियो। ३९ प्रतिशत मात्र ऋण लिएको यस परियोजनामा एस.बि.आई. बैंक र सह वित्तीयकरणका रूपमा एन.एम.बी. बैंकको सहकार्य रहेको निर्देशक शिव शर्माले जानकारी दिए । पृथ्वी राजमार्गको केबुलकार चोकदेखि बन्दीपुरसम्म एक हजार सात सय मिटर लामो केबुलकारको तल्लो स्टेसनमा आकर्षक बगैँचा र पर्यटक कोर्ट असार १५ गतेदेखि सञ्चालन गर्ने तयारी गरिएको छ। केबुलकारसँगै पाँचतारे होटलको काम भने तिव्र गतिमा अगाडि बढेको छ। हाल दैनिक तीन सय कामदार परिचालन गरेर काम अगाडि बढाइएको छ। विसं २०८० मंसिर भित्र पाँचतारे होटल, माघ भित्र सम्मेलन केन्द्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ। जेठ भित्र भ्युजरुम, असार भित्र बाक्स म्युजियम, साउन भित्र जिपलाइन, भदौभित्र बन्जी, स्काइवाक, असोज भित्र रेष्ट्रो क्याबिन सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

यहाँ ल्यान्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ। बन्दीपुरको ऐतिहासिकता झल्कने गरि बन्दीपुर घडी : बन्दीपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ। यस गार्डेनभित्र बटम स्टेशनको पाँच तला माथिबाट पानीको आकर्षक झरना बनाइनेछ। यसले पर्यटकलाई लोभाउने विश्वास गरिएको सञ्चालक उपाध्यायले जानकारी दिए। यसैगरि, वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ। बन्दीपुर गाउँपालिका-४ ठूल्दुङ्गाबाट सुरु हुने केबुलकार सोही वडाको बरालथोकसम्म पुग्छ। केबुलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगर स्थित सिद्ध गुफा पनि अवलोकन गर्न सकिनेछ। ठूल्दुङ्गा स्वाँराबाट सुरु हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ। केबुलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ।

केबुलकारको साधारण शेयरको सार्वजनिक निष्काशन ( आइ.पि.ओ.) खुल्ला गर्न सम्झौता भइसकेको छ। लिमिटेडको प्रतिशेयर अँकित मूल्य रु एक सय दरका २५ लाख ८० हजार कित्ता साधारण शेयर प्रचलित कानुन बमोजिम सार्वजनिक निष्काशन तथा बिक्रीका लागि सम्झौता भइसकेको छ।

रु तीन अर्ब ४९ करोड कूल परियोजना लागत रहेको कम्पनीको चुक्ता पूँजी रु दुई अर्ब १५ करोड रहेको छ। त्यसमध्ये चुक्ता पूँजीको दुई प्रतिशत अर्थात् रु चार करोड ३० लाख परियोजना प्रभावित स्थानीयवासीलाई छुट्याइनेछ। चुक्ता पूँजीको १० प्रतिशत रु २१ करोड ५० लाख सर्वसाधारणका लागि छुट्याइने लिमिटेडले जनाएको छ। आरकेडी रियल स्टेट एन्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एन्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फन्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबुलकार परियोजना निर्माणको काम भइरहेको छ। लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीको कम्पनी हो, जहाँ एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन्।

# दुईदर्जन भन्दा बढी चोर सार्वजनिक
## अधिकांश १५ देखि ३३ वर्ष उमेर समूहका युवा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा प्रहरीले २७ जनालाई चोरलाई पक्राउ गरि सार्वजनिक गरेको छ। जिल्लामा चोरीको घटना बढेसँगै जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न स्थान र मितिमा पक्राउ परेका आरोपितहरुलाई सार्वजनिक गरेको हो। पक्राउ पर्नेहरुमाथि खानेपानीको कल चोरीदेखि मोटरसाइकल तथा गरगहना चोरीको आरोप छ। बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेका चोरहरुमध्ये अधिकांश १५ देखि ३३ वर्षसम्मको उमेर समूहका युवाहरु छन्। पक्राउ पर्नेहरुमा बलिराम मण्डल, शुशिल पंजियार, सुनिल मुखिया, मुकेश साह, दिवेन्द्र मण्डल, रितेश गुप्ता, रंजित दास, नविन कुमार यादव, सोनु कुमार सहनी, राज कुमार यादव, संजिव राम, ईन्दल राम, नारायण साह,




साजन मुखिया, सलमान मंसुर, ऐलुन खान, गुड्डु महतो, राम प्रवेश महतो, मुकेश गुप्ता, मणि शंकर यादव, सौरव यादव, राम गणेश साह, अजय मण्डल, कुन्दन गुप्ता, बिमलेश कुमार महासेठ, उमेश दास र शुभम कुमार साह रहेका छन्।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले लागूऔषध सेवनकर्ता, रोजगारीको कमी, हाईफाई लाईफ र खर्चिलो तथा भडकिलो जीवन शैली, महंगा गाडी, मोटरसाइकल, ब्राण्डेड समान लगाउने लोभमा सजिलो अर्थोआर्जनको माध्यम बनाएर साथी संगतको कुलतका कारण उनीहरुले चोरी गर्नेगरेको बताए।
चोरी गर्नका लागि पक्राउ परेकाहरुले घरमा नरहेको तथा सिसिटिभीको निगरानीबाट टाढा रहेको घरहरुलाई टार्गेट गरेर चोरी गर्नेगरेको पाइएको हो।यस्तै, सरकारी कार्यालय, अस्पताल, बिबाहस्थल लगायतका ठाउँहरुमा पार्किङ्ग गरेर राखिएको मोटरसाइकलहरु चोरी हुने गरेकोमा प्रहरीले विशेष सुरक्षा योजना बनाई खटेपछि उनीहरुलाई पक्राउ गरेको डीएसपी गौतमले बताए। उनका अनुसार चालु आर्थिक वर्षमा हालसम्ममा ९७ जना चोर पक्राउ परेका छन्।
यस्तै चोरीमा पक्राउ परेपछि पीडितले जाहेरी दिन नमानेपछि पक्राउ परेका ४ सय जनामाथि अभद्र व्यवहार शिर्षकमा मुद्दामा चलाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# सुँड काटिएको सौराहाको हात्तीले दाना खान थाल्यो



**रासस**
**चितवन।**
पर्यटकीय नगरी सौराहामा पालिएको हात्ती चञ्चलकलीले आफ्नो दाना आफैँ खान सुरु गरेको छ। गत चैत २१ गते राति अज्ञात समूहको आक्रमणबाट सुँड काटिएको सो हात्तीलाई ५० दिनदेखि माउतेले दाना खुवाउँदै आएका थिए।
सुँड काटिएको एक महिनापछि पानी आफैँ खान सुरु गरेको ४५ वर्षीया पोथी हात्तीले बुधबार बिहानदेखि दाना आफैँ खान सुरु गरेको हात्तीधनी दीपेन्द्र खतिवडाले जानकारी दिएका छन्।
उनका अनुसार प्राविधिकहरूले अब हात्तीलाई काममा फर्काउन सकिने जनाएका छन्।
उनले भने, 'हात्तीलाई काममा फर्काउन सकिने प्राविधिकको सल्लाह भए पनि अझै केही दिन आराम गराउने योजनामा छु।'
हात्तीले अहिले पानीले आफैँ नुहाउने, आफ्नो शरीरलाई चाहिने बालुवा आफैँ छर्कने, जङ्गलमा गएर हाँगा लुछ्ने, पात टिप्ने लगायतका काम गर्न थालेको उनले जानकारी दिए।
उनका अनुसार राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक र माउतेको अथक प्रयासले हात्ती अहिलेको अवस्थामा आउन सकेको हो। उनले भने, 'हात्तीको सुँडले पैसाको सिक्का टिप्न भने अहिले पनि सकेको छैन।'
हात्तीको उपचारका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषका पशु प्राविधिक किरण रिजालसहितको टोली खटिएको छ।
हात्तीलाई आक्रमण गर्ने पक्राउ पर्न सकेका छैनन्। हात्तीलाई यो ढङ्गको आक्रमण पहिलो पटक भएको हो। रातको समयमा अज्ञात व्यक्तिले हात्तीको सुँड काटेर भागेको बताइएको छ। सुँड काट्नेको खोजी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले गरिरहेको छ।

# क्षीरेश्वरनाथमा करारका कर्मचारी धर्नामा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा कार्यरत करारका कर्मचारीहरु बुधबारदेखि धर्नामा बसेका छन्।
नगरपालिकाले २०७४ सालपछि नियुक्त भएका करारका कर्मचारीहरुको म्याद थप नगर्ने निर्णय गरेपछि उनीहरु धर्नामा बसेका हुन्।
सोही पालिकामा विगत ६ वर्षदेखि कार्यरत करारका कर्मचारी जमिल अख्तरले राजनीतिक पूर्वाग्राही रुपमा आफूहरुमाथि विभेद भएको बताए। कार्यपालिकाले करारका कर्मचारीलाई करार अवधि नथपेपछि आफूहरु बाध्य भएर धर्नामा बसेको उनले बताए।
उनले नगर प्रमुख सुखदेव यादव र प्रमुख प्रशासकिय अधिकृत सिवेन्द्र मण्डल मिलेर फरक आस्था भएका कर्मचारीलाई विनाकारण हटाइएकोप्रति ध्यानाकर्षण गराउँदै माग पूरा नभएसम्म धर्ना यथावत राख्ने बताए।
बुधबार पहिलो दिन कर्मचारीहरु बिहान १० देखि ३ बजेसम्म धर्नामा बसेका थिए। बिहीबार भने बिहान १० देखि ४ बजेसम्म धर्नामा बस्ने उनले बताए।
करार कर्मचारी सबैको नियुक्ति खारेज वा म्याद




नथपिएका कर्मचारीको म्याद थप गर्नुपर्ने मागसहित ५४ जना कर्मचारीले धर्ना सुरु गरेका छन्।
अख्तरले सो पालिकामा कार्यरत करारका कर्मचारीले विगत ११ महिनादेखि तलबबाट समेत बञ्चित रहेको सुनाए। त्यस्तै, पालिकाका ज्येष्ठ नागरिकहरुले पनि सामाजिक सुरक्षा भत्ताबापतको तेस्रो किस्ता रकम अहिलेसम्म पाएका छैनन्।
यसअघि सोमबार करारका कर्मचारी एवम् ज्येष्ठ नागरिकहरुले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका थिए।

# राष्ट्रपतिबाट नवनियुक्त मन्त्रीलाई शपथ




**रासस**
**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त मन्त्री वीरेन्द्रप्रसाद महतोलाई पद तथा गोपनीयताको शपथ गराएका छन्।
राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति भवनमा बुधबार आयोजित विशेष समारोहमा नेपालको संविधानको धारा ८० बमोजिम उहाँलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्।
सोही समारोहमा प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड'ले नवनियुक्त राज्यमन्त्री प्रमिला कुमारीलाई नेपालको संविधानको धारा ८० बमोजिम पद तथा गोपनीयताको शपथ गराए।
प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले उनीहरू दुबैलाई मन्त्री र राज्यमन्त्रीमा मङ्गलबार नियुक्त गरेका थिए। उनीहरूको नियुक्ति र सपथसँगै वर्तमान मन्त्रिपरिषद्ले पूर्णता पाएको छ।

# मिटरब्याजीविरुद्ध १७ सय उजुरी



**रासस**
**जलेश्वर।**
सरकारले मिटरब्याजीलाई कारबाही गर्न कानुन ल्याएसँगै महोत्तरीमा मिटरब्याजीविरुद्ध धमाधम उजुरी पर्न थालेको छ।
जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेका अनुसार महोत्तरीमा हालसम्म मिटरब्याजीविरुद्ध एक हजार सात सय ३४ उजुरी दर्ता भएका छन्। सरकारले अध्यादेश ल्याउँदै अनुचित लेनदेन ( मिटरब्याज) गरेका व्यक्तिलाई कारबाही गर्ने भन्दै पीडितलाई जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराउन समय दिएपछि अहिले महोत्तरीमा मिटरब्याजीविरुद्ध उजुरी दर्ता गराउनेको सङ्ख्या बढ्दै गएको हो।
गत वैशाख १८ गतेदेखि पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गर्न थालेका हुन्। यो क्रम जारी रहेको छ। जिल्ला प्रशासन कार्यालयले मिटरब्याजीविरुद्ध उजुरी दर्ता गराउन आउने पीडितका लागि सूचना सङ्कलन गर्ने, परामर्श दिने र उजुरी दर्ता गर्ने काम गरिरहेको छ।
यसअघि जिल्ला प्रशासनले मिटरब्याजीविरुद्ध सरकारको उजुरी दर्ता गराउने अवधि किटान हुनु अगाडि पनि जिल्ला प्रशासन कार्यालयले मिटरब्याजीविरुद्ध तीन सय २१ ठाडो निवेदन दर्ता गरेर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाएको थियो। तीन सय २१ निवेदनमध्ये २१ वटामा मिलापत्र, ३८ वटामाथि छानबिन गरिसकेको र केही मुद्दा जिल्ला अदालतमा कारबाही प्रक्रियामा रहेको सहायक प्रजिअ न्यौपानेले बताए। जिल्ला प्रशासन कार्यालयमा आउने मिटरब्याजीपीडित बढीजसो जिल्लाको उत्तरवर्ती क्षेत्रका छन्। बढी ऋण दिने अनिरुद्ध साह, श्याम परदेशी र सञ्जय रौनियारविरुद्ध सबैभन्दा बढी उजुरी परेको बताइएको छ।

# सवारी दुर्घटनामा ३७ जनाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा सवारी दुर्घटना हुने क्रम बढदो रहेको छ। गत वैशाख महिनामा पाँच सय १० वटा सवारी दुर्घटना भएका छन्।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले दिएको जानकारीअनुसार दुर्घटनामा परेर कुल ३७ जनाको मृत्यु भएको छ भने ९ सय ४६ जना घाइते भएको छ।
सवारी दुर्घटनामा परी ज्यान गुमाउनेमध्ये २७ जना पुरुष र चार जना महिला, ४ जना बालिका र दुई जना बालक छन्। यस्तै, दुर्घटनामा परी घाइते भएका ९ सय ४६ जनामध्ये ६०४ जना पुरुष, २०९ महिला, ८२ बालक र ५१ जना बालिका छन्।
एक महिनाको अवधिमा प्रहरीले ३६ वटा दुर्घनामा मुद्दा दर्ता गरेर कारबाही प्रक्रिया अघि बढाएको बरिष्ठ प्रहरी उपरीक्षक पोखरेलले बताए। एक महिनाको अवधिमा ३२ हजार २०६ वटा सवारी साधनलाई कारवाही गरेर




प्रदेश प्रहरीले २ करोड ४८ लाख ८५ हजार ५ सय जरिवानासमेत असुल गरेको छ।
यसैगरी वैशाख महिनामा मधेश प्रदेशमा विपदसम्बन्धी २९१ वटा घटना भएकामा सोमा परी ३६ जना मानिस र ९ चौपायाको मृत्यु भएको मधेस प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्यांकमा जनाइएको छ। विपदसम्बन्धी घटनामा परी ७६ लाख ७० हजार ५०० बराबरको क्षतिसमेत भएको छ।




# छोरी शिक्षा बढाउन र बालविवाह रोक्न पुरस्कार

**रासस**
**महोत्तरी।**
छोरी शिक्षालाई बल पुऱ्याउन र बालविवाह रोक्न मटिहानी नगरपालिकाले विशेष कार्यक्रम सुरु गरेको छ। विद्यालय र क्याम्पसमा पढ्ने छोरीको सङ्ख्या बढाउन र छोरीको बालविवाह रोक्न विशेष कार्यक्रम सुरु गरिएको नगर कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जनाएको छ।
विद्यालय भर्ना र कक्षा बढ्दै जाँदा छोरी घट्दै जाने तथा २० वर्ष नपुग्दै किशोरावस्थामै विवाह हुने पाइएपछि यो अवस्था सुधार्न विशेष कार्यक्रम ल्याइएको शाखाप्रमुख दीपा दासको भनाइ छ।
'छोरी शिक्षालाई बल दिनेगरी यसअघि पनि कक्षा ८ देखि १२ सम्मका छात्रालाई साइकल, शैक्षिक सामग्री र पोसाक दिइँदै आइएको हो', शाखाप्रमुख दास भन्छन्, 'अब परिवार, समाजका अङ्ग र धार्मिक व्यक्तित्वलाई पनि यस अभियानमा सरिक गराइँदैछ।'



नयाँ कार्यक्रमअन्तर्गत छोरी पढाउन क्याम्पस पठाउने अभिभावकलाई सम्मान गर्ने, बस्तीबस्तीमा बाबुआमा र छोरीहरूबीच पढाइ तथा विवाहका कुरामा अन्तरक्रिया गराउने, बालविवाह निस्तेज गर्न धार्मिक परम्पराका पण्डित, पुरोहित, मोल्वी र अभिभावकबीच छलफल गराउने तथा २० वर्ष मुनिको विवाह धार्मिक दृष्टिले पनि उचित नरहेको सन्देश प्रसारित गर्ने रहेका छन्।
यसैगरी, उमेर पुगेर (२० वर्ष नघाएर) छोरीको विवाह गर्ने अभिभावकलाई सामाजिक सम्मानका कार्यक्रम राखिएको शाखाप्रमुख दासले बताए।
नगरका धेरैजसो बस्ती भारतसँग जोडिएका हुँदा भारततर्फका पण्डित, पुरोहित, मोल्वी र उताका सामाजिक सङ्घसंस्थाका प्रतिनिधिलाई पनि कार्यक्रममा सरिक गराइने जनाइएको छ। यता नेपाल/भारतका बस्तीमा बाक्लै बिहेवारी सम्बन्ध हुँदै आएका छन्।
धानुक, केवट, यादव सहितका जनजाति, खत्वे, चमार लगायतका दलित र सघन मुस्लिम बसोबासको नगर क्षेत्रमा सामाजिक तथा शैक्षिक चेतनाको कमीले छोरी शिक्षा र उमेर पुगेर विवाह गर्ने पक्ष अत्यन्त कमजोर बनेको शाखाको ठम्याइ छ।
'हामीले पछिल्ला दुई वर्षको पारिवारिक सर्वे गर्दा २० वर्ष मुनिमै छोरी विवाहका आठ सय घटना पायौँ', दासले भने, 'यो कहालिलाग्दो अवस्था चिर्न नगरका जनप्रतिनिधि बीचको सम्मतिबाट जनजनले देख्ने, बुझ्ने गरी सचेतनामूलक कार्यक्रम सुरु गर्न लागिएका हुन्।'
छोराछोरीको वैवाहिक अवस्था हेर्दा बालविवाह गरिएका छोरी निकै बढी पाइएका दासको भनाइ छ।
उनका अनुसार बहुविवाहका घटना त्यति बढी नदेखिए पनि अनमेल विवाह (केटीको भन्दा निकै बढी उमेर भएका केटा) र छोरी बालविवाहका घटना भने निकै देखिएका छन्। शाखाले छोरी शिक्षालाई उत्प्रेरित गर्ने र बालविवाह निरुत्साहित गर्नेगरी सुरु गर्न लागेका कार्यक्रम नगर कार्यपालिकाको निर्णयानुसार भएको हुँदा यसमा आफूसहित सबै जनप्रतिनिधिको सक्रिय सहभागिता रहने नगरप्रमुख हरिप्रसाद मण्डलको भनाइ छ। छोरी शिक्षालाई बल पुऱ्याउन र बालविवाह निरुत्साहित गर्न थप प्रभावकारी कार्यक्रम पनि बनाइने नगरप्रमुख मण्डलले बताए।

# महिला भलिबल: काजकिस्तानले उज्वेकिस्तानलाई हरायो



**रासस**
**काठमाडौँ।**
काजकिस्तानले उज्वेकिस्तानलाई पराजित गर्दै एन.एस.सी. काभा ( सेँन्ट्रल एशियन भलिबल एशोसिएशन) महिला भलिबल च्यालेन्ज कप अन्तर्गत समूह 'बी' को समूह विजेता बन्दै सेमिफाइनलमा पुगेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बुधबार भएको खेलमा काजकिस्तानले उज्वेकिस्तानलाई ३-१ को सेटमा पराजित गर्दै समूह 'बी' को विजेता बनेको हो।

यस्तै, पराजित उज्वेकिस्तान पनि प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। उज्वेकिस्तान समूह 'बी' को उपविजेता बन्दै सेमिफाइनलमा पुगेको हो। पहिलो सेट २४-२६ ले गुमाएको काजकिस्तानले त्यसपछिको लगातार तीन सेट आफ्नो पक्षमा पाऱ्यो । काजकिस्तानले पछिल्लो तीन सेट २५-१६, २५-११ र २५-१८ ले जित्यो।

यस जितसँगै काजकिस्तान ३ खेलमा ९ अंक जोड्दै समूह 'बी' को विजेता बनेको हो । पराजित उज्वेकिस्तान समान तीन खेलमा दुई खेलमा जित हासिल गर्दै ६ अंकका साथ उपविजेता बन्यो । यस समूहबाट श्रीलंका र माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएका छन्।

# किर्गिस्तानले बंगलादेशलाई हरायो



**रासस**
**काठमाडौँ।**
एन.एस.सी. काभा (सेन्ट्रल एसियन भलिबल एशोसिएशन) महिला भलिबल च्यालेन्ज कप अन्तर्गत बुधबार भएको खेलमा किर्गिस्तानले बंगलादेशलाई पराजित गर्दै विजयी भएको छ। त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको पहिलो खेलमा किर्गिस्तानले बंगलादेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै विजयी भएको हो। समूह 'ए' मा रहेका यि दुवै टोली प्रतियोगिताबाट भने बाहिरि सकेका छन्। यस समूहबाट नेपाल र भारत एक खेल अगावै सेमिफाइनलमा पुगिसकेका छन् । बुधबार खेलमा किर्गिस्तानले बंगलादेशलाई पहिलो सेट २५-१६, दोश्रो सेट २५-११ र तेश्रो तथा अन्तिम सेट २५-२० ले हरायो।

राष्ट्रिय खेलकुद परिषद्को सहयोग र नेपाल भलिबल संघको आयोजनामा भएको उक्त प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन् । समूह 'ए' नेपाल, भारत, बङ्गलादेश र किर्गिस्तान छन् भने समूह 'बी' मा श्रीलंका, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान छन्।

# पाँच हजार मिटर दौडमा मिङ्मार र निनुलाई स्वर्ण



**रासस**
**मनहरी।**
दोश्रो बागमती प्रदेश स्तरीय खेलकुद प्रतियोगिता अन्तर्गत पाँच हजार मिटर दौडमा सिन्धुपाल्चोकका मिङ्मार सिंह र निनु तामाङले स्वर्ण पदक जितेका छन्। मंगलबार भएको खेलमा मिङ्मार पुरुषतर्फ तथा निनु महिलातर्फको प्रतिस्पर्धामा पहिलो भएका हुन्।

मिङ्मारले निर्धारित दूरी १८ मिनेटमा नौ सेकेन्डमा पूरा गरे। काठमाडौँका धर्म महर्जन र सिन्धुपाल्चोकका विश्वराम कुँवरले क्रमशः रजत र कास्य पदक प्राप्त गरे। महिलातर्फ निनुले निर्धारित दूरी २१ मिनेट आठ सेकेण्डमा पूरा गरिन् । दोलखाकी सोनु घोतानेले रजत र भक्तपुरकी रोस्टिना सितिखाले कास्य पदक प्राप्त गरिन्।

यसैगरि एथलेटिक्स दुई सय मिटर दौडमा पुरुष तर्फ मकवानपुरका जिकेश सापकोटा तथा महिला तर्फ मकवानपुरकै दिना गोपालीले स्वर्ण पदक जिते । हेटौँडा स्थित पिप्ले क्याम्पा रंगशालामा भएको प्रतियोगितामा मकवानपुरकी गोपालीले निर्धारित दूरी २९ दशमलव ३७ सेकेन्डमा तथा जिकेशले २४ दशमलव ६० सेकेन्डमा पूरा गरे । महिला प्रतिस्पर्धामा भक्तपुरकी स्वागता खाइतु र चितवनकी रोजिता गुरुङले क्रमशः रजत र कास्य पदक प्राप्त गरिन्। पुरुषतर्फ मकवानपुरका सुजन राईले रजत र चितवनका शेखर उप्रेतीले कास्य पदक प्राप्त गरे।

यस्तै महिला आठ सय मिटर दौडमा ललितपुरकी रजिना दुलालले स्वर्ण जितिन् । उनले निर्धारित दूरी दुई मिनेट ४० सेकेन्डमा पूरा गरिन्। यसै विधामा नुवाकोटकी आस्था राईले रजत र रामेछापकी भगवती खड्काले कास्य पदक प्राप्त गरिन्। पुरुषतर्फ चितवनका अृमत बोटले स्वर्ण जिते। उनले निर्धारित दूरी दुई मिनेट आठ सेकेन्डमा पूरा गरे । सिन्धुपाल्चोकका टीकाराम लोप्चनले रजत र नुवाकोटका दिनेश राईले कास्य पदक प्राप्त गरेका छन्।

# पत्रकारको गोली हानी हत्या



**एएफपी**
**शेक्सिको।**
मेक्सिकोको मध्य पुएब्ला क्षेत्रमा मंगलबार एक जना पत्रकारको गोली हानी हत्या गरिएको छ। मेक्सिकोको तेहुआकान शहरमा ६९ वर्षीय मार्को ओरेलियो रामिरेजको आफ्नो घरबाट निस्कँदै गर्दा उनको हत्या भएको थियो। उनले दशकौंसम्म विभिन्न सञ्चार माध्यममा काम गरेका हुन्। अभियोजकको कार्यालयले घटनाको अनुसन्धान सुरु गरिएको जनाएको छ।

रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) को मेक्सिकन शाखाले सरकारी कर्मचारीको रूपमा काम गर्ने रामिरेजले संदिग्ध अपराधीहरूलाई पक्राउ गर्न योगदान पुऱ्याएको बताए। उनले भने 'आरएसएफले छिटो र पारदर्शी अनुसन्धानको माग गर्दछ।'
गैरसरकारी सञ्चार अधिकार समूहले 'हत्या नगरपालिका अधिकारीको रूपमा उनको कामसँग सम्बन्धित थियो वा उनको पत्रकारिताको अभ्याससँग सम्बन्धित थियो छानबिन गर्न' उभियुक्तलाई कानुनी कारबाहीको दायरामा तत्काल ल्याउन आग्रह गरेको छ।

सन् २००० यता मेक्सिकोमा एक सय ५० भन्दा बढि पत्रकारको हत्या भइसकेको छ। अधिकांश हत्याका घटनामा सजाय दिइएको छैन।

# स्थायी शान्ति एवम् राहतको पर्खाइमा सुडानी



**एएफपी**
**खार्तूम।**
सुडानमा अमेरिका र साउदी अरबको मध्यस्थतामा भएको युद्ध विराम घोषणाको दोश्रो दिन बुधबार झडपका घटना कम भएपनि युद्ध पूर्ण रूपमा रोकिएको छैन। युद्ध विरामको घोषणाले संकटमा परेका नागरिकमा राहत कोरिडोर र युद्धबाट उम्कने बाटो चाँडै खुल्ने आशा जगाएको छ।

राजधानीभर छिटपुट गोलाबारी अझैपनि प्रतिध्वनित भएको छ तर एक हप्ता लामो युद्ध विरामको अवलोकन गरिरहेका दुई विदेशी शक्तिहरूले सोमबार अबेर युद्ध विराम लागू भएदेखि खार्तूममा लडाईं 'कम तीव्र' देखिएको बताएका छन् । युद्धरत पक्षहरूले युद्ध विरामको पूर्वसन्ध्यामा सैन्य लाभ लिन खोजेको मा 'चिन्ता' व्यक्त गरे र 'दुवै पक्षले सम्झौताको उल्लँघन गरेको संकेत गर्ने' रिपोर्टहरू आएका वासिङ्टन र रियादले जनाएका छन्।

अप्रिल १५ मा युद्ध शुरु भयो, जसका कारण हजारौं विदेशीहरूले सुडान छोडेका छन् भने १० लाख भन्दा बढी सुडानीहरू आन्तरिक वा बाह्य रूपमा आफ्नो घर छोड्न बाध्य भएका छन्। सुडानका नेता सेना प्रमुख अब्देल फतह अल बुरहानले अर्धसैनिक ऱ्यापिड सपोर्ट फोर्सेज (आरएसएफ) को कमाण्ड सम्हालिरहेका उनका पूर्व सहयोगी मोहमद हमदान डग्लोसँग प्रतिस्पर्धा गरिरहेका छन्।

अत्यधिक गर्मी, विद्युत् आपूर्ति बन्द र खाद्यान्न, औषधि र अन्य खाद्यान्नको चरम अभावबीच लाखौं मानिस लडाकु र घुमन्ते लुटेराहरूबाट लुक्न घरभित्रै थुनिएका छन् । सुडानका लागि संयुक्त राष्ट्रसंघका मानव अधिकार विज्ञ राधुआने नुइसरले युद्धको भयवहको चित्रण गर्दै भने 'पूरै देशलाई बन्धक बनाइएको छ । मानिसहरू एक्लो र परित्यक्त महसुस गरेका भेटिन्छन्।'

यद्यपि, उनीहरूले सुडानका जनतालाई 'जीवन रक्षक सहायता प्रदान गर्ने' तयारी भइरहेकोमा जोड दिए। पाँच हप्ता भन्दा बढिको लडाईको सामना गरेको सुडानी नागरिकले युद्धबाट अतालिएको बताएका छन् । युद्धका कारण एक हजार भन्दा बढि व्यक्तिको ज्यान गइसकेको छ। युद्धमा हजारौँको संख्यामा घाइते भएका छन्।

# दुर्घटनाग्रस्त चिनियाँ डुङ्गाका १४ मृत फेला



**एएफपी**
**कोलम्बो।**
श्रीलँकाको नौसेनाले गत हप्ता ३९ जना चालक दलका सदस्य सहित डुबेको चिनियाँ डुङ्गा भित्र १४ जनाको शव फेला पारेको छ। मे १६ मा दुर्घटना ग्रस्त भएको डुङ्गामा कोही पनि जीवित नरहेको चिनियाँ सरकारको प्रारम्भिक अनुसन्धानले निष्कर्ष निकालेको एक दिनपछि उनीहरूलाई मृत अवस्थामा डुङ्गामा फेला पारिएको हो।

मोटरबाट चल्ने लु पेङ युआन यु-०२८ डुङ्गामा १७ जना चिनियाँ, १७ जना इन्डोनेसियाली र पाँच जना फिलिपिन्सी सवार थिए र पर्थबाट पाँच हजार किलोमिटर पश्चिममा दुर्घटनाग्रस्त भएको थियो।
फिलिपिन्सको विदेश मन्त्रालयले डुङ्गा मे १८ मा श्रीलँकाबाट करिब एक हजार किलोमिटर दक्षिणमा रहेको तर खराब मौसमका कारण उद्दार कार्यमा बाधा पुगेको जनाएको थियो। श्रीलँकाको नौसेनाले आफ्ना गोताखोरहरूले मंगलबार दुई जनाको शव पानीमा फेला पारेको र थप १२ जनालाई डुङ्गाभित्र भेटेको पुष्टि गरेको छ। 'सीमित सुरक्षात्मक कवचसाथ दूषित पानीभित्रबाट शव निकाल्दा उत्पन्न हुने सम्भावित स्वास्थ्य खतराका कारण शवहरू पुनः प्राप्त गर्नु अत्यन्त खतरनाक हुने निश्चित गरिएको छ,' नौसेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ। डुङ्गाभित्र रहेका १२ वटा शवको नक्साँकन गरि चिनियाँ अधिकारीलाई बुझाइएको बताइएको छ। त्यहाँ रहेका शवको राष्ट्रियता तत्काल थाहा हुन सकेको छैन।चिनियाँ यातायात मन्त्रालयले गरेको प्रारम्भिक अनुसन्धानमा डुङ्गामा सवार सबैको मृत्यु भएको निष्कर्ष निकालेको एक दिनपछि श्रीलँकाको नौसेनाले यस्तो विज्ञप्ति जारी गरेको हो। अस्ट्रेलियाले अन्तर्राष्ट्रिय खोज तथा उद्दार कार्यमा सघाउन तीन वटा हवाई जहाज र चारवटा पानी जहाज पठाएको थियो। चिनियाँ यातायात मन्त्रालयका अनुसार उद्दारकर्मीहरूले खोजका लागि करिब ६४,००० वर्ग किलोमिटर (१८,७०० वर्ग नटिकल माइल) क्षेत्रमा यात्रा गरेका थिए।
गत हप्ता फेबियन चक्रवातले सात मिटर (२३ फिट) सम्मको छाल र १२० किलोमिटर प्रतिघण्टा (७५ माइल प्रतिघण्टा) सम्मको हावा चलेपछि माछा मार्ने डुङ्गाले पहिलो पटक संकटको संकेत पठाएको थियो। क्यानबेरा स्थित ज्वाइन्ट रेस्क्यु कोअर्डिनेशन सेन्टर (जेआरसीसी) ले बाँच्नका लागि 'चुनौतिपूर्ण' अवस्थाको चेतावनी दिएपछि खराब मौसमका कारण उद्दार कार्य रोकिएको छ। पानीजहाज चीनको प्रमुख सरकारी माछा मार्ने कम्पनी पेन्लई जिङ्लु फिशरी कम्पनीको स्वामित्वमा थियो।

# द्वन्द्वमा फसेकाहरुको सुरक्षा गर्ने प्रतिबद्धता पूरा गर्न आग्रह




**सिन्ह्वा**
**संयुक्त राष्ट्रसंघ।**
संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले द्वन्द्वमा फसेका नागरिकको सुरक्षा गर्ने प्रतिबद्धता पूरा गर्न आग्रह गरेका छन् । महासचिव गुटेर्रेसले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा सशस्त्र द्वन्द्वमा नागरिकको सुरक्षा सम्बन्धी बहसमा भने 'लामो समयदेखि सशस्त्र द्वन्द्वको घातक असर आम नागरिकले भोग्दै आएका छन्। अब हामीले उनीहरूको रक्षा गर्ने आफ्नो वाचा पूरा गर्ने समय आएको छ।'

उनले युद्धकालमा नागरिकको सुरक्षा गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न विश्व असफल भएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति अझ बढि सम्मान गर्न आग्रह गरेका थिए। गत वर्ष जनघनत्व भएका क्षेत्रमा तैनाथ विष्फोटक हतियारका कारण ज्यान गुमाउनेमा ९४ प्रतिशत सर्वसाधारण रहेको राष्ट्र संघको तथ्याँक छ।

सन् २०२२ मा विश्वका ११ करोड ७० लाख भन्दा बढि मानिसले तिव्र भोकमरीको सामना गर्नु परेको थियो, जसको मुख्य कारण युद्ध र असुरक्षा थियो । गुटेर्रेसले द्वन्द्वले आम नागरिकमा पारेको प्रभावलाई कम गर्नुपर्नेमा जोड दिए। उनले भने 'केही युद्धरत पक्षहरूले बालबालिकाको सुरक्षा गर्न र मानवतावादीहरूलाई खाँचोमा परेका मानिसहरूसम्म पुग्न दिन कदम चालेका छन् । यो सकारात्मक कदम हो। तर अझै यो अपर्याप्त छ। खाद्य सुरक्षालाई सम्बोधन गर्दै जारी युद्धकाबीच युक्रेनबाट खाद्यान्न निर्यात गर्न 'ब्ल्याक सी इनिसियटिभ' जस्ता उपायहरूको साथै रूसी खाद्य र मललाई विश्व बजारमा ल्याउने सम्बन्धी समझदारी पत्रबारे पनि उनले उल्लेख गरे।

गत नोभेम्बरमा, उनको पहलमा राज्यहरूले जनघनत्व भएका क्षेत्रहरूमा विस्फोटक हतियारको प्रयोगमा प्रतिबन्ध लगाउने वा निषेध गर्ने राजनीतिक घोषणापत्र पारित गरेका थिए।

'अझैपनि, डरलाग्दो सत्य के छ भने अन्तर्राष्ट्रिय मानवीय कानूनमा निहित प्रतिबद्धताहरू अनुसार विश्वले नागरिकको सुरक्षा गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न असफल भइरहेको छ,' गुटेरेसले जेनेभा कन्भेन्सनलाई सँकेत गर्दै भने । 'यसको सम्मान सुनिश्चित गर्न हामीलाई कार्य र जवाफदेहिताको आवश्यकता छ। त्यो राजनीतिक इच्छाशक्तिमा भर पर्छ।'

महासचिवले अन्तर्राष्ट्रिय समुदायलाई द्वन्द्व रोक्न, नागरिकको सुरक्षा गर्न, शान्ति कायम गर्न र युद्धको राजनीतिक समाधान खोज्न जारी प्रयासलाई थप तिव्रता दिन आग्रह गरे। उनले भने 'जहाँ युद्ध जारी छ, त्यहाँ सबै देशले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्नुपर्छ र यस परिषद्का सदस्यहरूको विशेष जिम्मेवारी छ । 'यसबाहेक, हतियार निर्यात गर्ने देशहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना नगर्ने कुनै पनि पक्षसँग व्यापार गर्न इन्कार गर्नुपर्छ,' उनले भने।

# बेलायतको वार्षिक मुद्रास्फिति न्यून



**एएफपी**
**लण्डन।**
बेलायतको वार्षिक मुद्रास्फिति दर अप्रिलमा आठ महिनाको सबैभन्दा कम ८.७ प्रतिशतमा झरेको छ र ऊर्जाको मूल्य एक वर्ष पहिलेको तुलनामा निकै कमजोर भएको सरकारी तथ्याँकले बुधबार सार्वजनिक गरेको छ। मूल्य वृद्धिको दर मार्चमा १०.१ प्रतिशतबाट घटेर गत वर्षको अगष्टपछि पहिलो पटक मुद्रास्फिति १० प्रतिशत भन्दा तल झरेको राष्ट्रिय तथ्याँक कार्यालय (ओएनएस) ले जनाएको छ।

ओएनएसका प्रमुख अर्थशास्त्री ग्रान्ट फिट्जनरले भने 'यद्यपि, सामान्यतया मूल्यगत वर्षको तुलनामा धेरै उच्च रहेको छ भने वार्षिक खाद्य मूल्य मुद्रास्फिति ऐतिहासिक उच्च नजिक पुगेको छ।' तिव्र गिरावटको बावजुद, अप्रिलको दर बैंक अफ इंग्ल्याण्ड (बीओई) को गत महिनाको मुद्रास्फितिको पूर्वानुमान ८.४ प्रतिशत भन्दा माथि रहेको छ।

अप्रिलमा बेलायतको वार्षिक मुद्रास्फिति दर क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र संयुक्त राज्य अमेरिका सहित जी-सेभेन समूहका सम्पन्न अर्थ व्यवस्था भएका देशहरू मध्ये सबै भन्दा बढि पुगेको थियो।

बीओईको २.० प्रतिशतको लक्ष्य दर धेरै टाढा रहेको छ। तर, बेलायत सरकारले यो वर्षको अन्त्यसम्ममा मुद्रास्फिति लगभग ५.० प्रतिशतमा झर्ने दावी गरेको छ।

फिट्जनरले थपे 'गत महिना, मुद्रास्फितिको दर उल्लेखनीय रूपमा घटेको छ किनकि गत वर्ष देखिएको ठूलो ऊर्जा मूल्य वृद्धि दोहोरिएको थिएन। तर सेकेन्ड ह्यान्ड कार र चुरोटको लागतमा भएको वृद्धिले लक्ष्यलाई आंशिक रूपमा प्रभावित गरेको थियो।' अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले बेलायती अर्थतन्त्रका लागि आफ्नो पूर्वानुमानमा ठूलो यू-टर्न दिएको एक दिनपछि यो आँकडा सार्वजनिक भएको हो। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले सन् २०२३ मा बेलायतको अर्थतन्त्र ०.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ।

आईएमएफले गत अप्रिलमा ०.३ प्रतिशतले सँकुचन हुने प्रक्षेपण गरेको थियो।
अर्थमन्त्री जेरेमी हन्टले बुधबारको तथ्याँकपछि भने 'आईएमएफले मंगलबार मुद्रास्फितिलाई नियन्त्रण गर्न निर्णायक कदम चालेका बताएको छ। यो अहिले एकल अँकमा छ, तर खाद्य पदार्थको मूल्य अझै पनि तिव्र गतिमा बढिरहेको छ।'

# 'चीन-अमेरिका सम्बन्धलाई पुनः सही बाटोमा ल्याइनुपर्छ'

**सिन्ह्वा**
**न्यूयोर्क।**
संयुक्त राज्य अमेरिकाका लागि चीनका नवनियुक्त राजदूत सी फेङले वासिङ्टनलाई चीनसँग वार्ता बढाउन, मतभिन्नता व्यवस्थापन गर्न र सहयोग प्रवर्द्धन गर्न आग्रह गरेका छन्। 'जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा मंगलबार अपराह्न आइपुगेका सीएले सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उनले भने 'राष्ट्रपति सी चिनफिङबाट संयुक्त राज्य अमेरिकाका लागि १२ औं चिनियाँ राजदूतको रूपमा नियुक्त गर्न पाउँदा म निकै गौरवान्वित छु। मेरो काम सम्बन्धहरूलाई सही मार्गमा फर्काउने हुनेछ।'

उनले भने 'हाल, चीन-अमेरिका सम्बन्धमा गम्भिर चुनौतिहरू आएका छन् चिनियाँ राष्ट्रपति सी चिनफिङले पारस्परिक सम्मान, शान्तिपूर्ण सह-अस्तित्व र दुवैको भलो हुनेगरि सहकार्यका तीन सिद्धान्त अघि सारेका छन्, जसले नयाँ युगमा दुई देशलाई एकअर्कासँग घुलमिल हुनका लागि आधारभूत र सही मार्गको प्रतिनिधित्व गर्दछ।'

उनले थपे 'हामी आशा गर्दछौं कि संयुक्त राज्य अमेरिका चीनसँग पनि त्यही दिशामा अघि बढ्नेछ, र दुई जनता र विश्वको साझा हितमा काम गर्नेछ। ताइवान प्रश्न जस्ता महत्वपूर्ण र संवेदनशील मुद्दाहरूलाई चीन-अमेरिकाको तिनै तीन सिद्धान्त अनुसार उचित तरिकाले समाधानको पहल गरिनेछ।'



# उद्योगी व्यवसायीले मागे औद्योगिक क्षेत्रका लागि २ सय बिघा जमीन

## रात्रीबजारलाई जग्गा चाहियो

वीरगंज उद्योग वाणिज्य संघले रात्री बजार सञ्चालनका लागि निश्चित क्षेत्र माग गरेको छ। महानगर प्रमुख सिहंसँगको छलफलमा संघले कुनै क्षेत्रमा बजार लगाउने तोक्न अपिल गरेको हो। कुनै निश्चित क्षेत्रमा बजार लगाउने व्यवस्था गरिदिएपछि बाँकी व्यापारीहरु त्यहीँ आउने संघको भनाइ छ। अब ठूला मञ्च बनाउने, सजाउने काम भन्दा पनि बजार ठूलो बनाउने काममा लाग्नु पर्ने संघको भनाइ छ।

## आज पनि छलफल

वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल पटवारीले बिहिबार बिहान फेरि छलफलका लागि मेयर सिंहले बोलाएको जानकारी दिए। 'आज उहाँहरु बजेटकै विषयमा जुटिरहनु भएको रहेछ, हामीले सामान्य जानकारी गरायौँ, भोलि फेरि बोलाउनु भएको छ,' पटवारीले भने, 'बिहिबार बिहान छलफल गर्नेछौँ, छलफलमा करका विषयमा बढी केन्द्रित हुनेछौँ, महानगरको करको दायरा पनि बढोस्, उद्योगी व्यवसायी पनि मारमा नपरुन् भनेर हामी सुझाव दिने पक्षमा छौँ।'



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका उद्योगी, व्यवसायीले व्यवस्थित उद्योग सञ्चालनका लागि वीरगंज महानगरसँग जग्गा उपलब्ध गराइदिन माग गरेका छन्। महानगरले जग्गा उपलब्ध गराइदिए व्यवस्थित र वैज्ञानिक ढंगले एकै स्थानमा उद्योग सञ्चालनका लागि सहज हुने उद्योगी व्यवसायीको भनाइ छ। नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल पटवारीसहितको टोलीले वीरगंज महानगरका प्रमुख राजेशमान सिंहसँग बुधबार बिहान उद्योग व्यवसायबारे छलफल गरेका छन्।
छलफलमा उद्योगीहरुले एकैठाउँमा उद्योग सञ्चालनका लागि कम्तीमा दुई सय बिघा जमीन उपलब्ध गराउन माग गरेका थिए। यस्तै, भएका उद्योगहरु चलायमान गराउने वातावरण बनाइदिन पनि उनीहरुले महानगरलाई अपिल गरेका थिए।
यस्तै, उद्योगहरुले गर्ने प्रदूषण नियन्त्रण गर्न वेस्ट वाटर ट्रिटमेन्ट प्लान्ट जडान गर्न सकिने र यसका लागि महानगर र सरकारले प्लान्ट जडान गरिदिनु पर्ने उद्योगी व्यवसायीको माग थियो। हेटौँडामा जस्तै, प्लान्ट जडान गरेर प्रशोधित पानी फाल्न सके प्रदूषण नियन्त्रण हुने उनीहरुको तर्क थियो। छलफलमा विदेश जानेहरुलाई देशमै र वीरगंजमै रोकेर उद्योगधन्दामा सरिक गराउन तालिममूलक कक्षाहरु सञ्चालनका लागि अशोक टेमानीले पोलिटेक्निक इन्स्टिच्युट सञ्चालन उचित हुने बताएका थिए। यसो गर्दा भारतीयका ठाउँमा नेपालीले रोजगारी पाउने टेमानीको तर्क छ।
'राज्यले उद्योग र उद्योगीलाई हेर्ने नीति देख्दा सबै उद्योगी राज्यलाई साँचो बुझाउने अवस्थामा छन्,' टेमानीले भने, 'उद्योग चलाउने वातावरण राज्यले बनाउन सकेको छैन, बैंकहरुले उस्तै तनाव दिएका छन्, साँचो बैंकलाई बुझाउने कि राज्यलाई भन्ने अवस्थामा उद्योगी पुगेका छन्।'उद्योगीहरुले गुठीको पुरानो जग्गा राखेर एनआइसी बैंकले आफ्ना मान्छेलाई कर्जा दिइएको पाइएको विषय उठाएका थिए। उनीहरुले सिर्सिया नदी प्रदूषणमा संलग्न उद्योगलाई कारबाही, औद्योगिक क्षेत्र निर्माणका विषयसँगै आगामी बजेटमा उद्योगव्यवसायलाई राहत हुने कार्यक्रम ल्याउन आग्रह गरेका थिए। यस्तै विभिन्न करहरुबारे पनि छलफल भएको थियो।
जवाफमा महानगर प्रमुख सिंहले भने, 'गुठीको कर्जा प्रवाहको जग्गा महानगरले ल्याउन पहल गर्नेछ, उद्योग व्यवसाय चलायनमान बनाउने विषयमा हामी यहाँहरुको सल्लाह अनुसार नै काम गर्न तयार छौँ। जग्गाको परिमाण धेरै भएकाले तत्काल उपलब्ध हुन नसक्ने देखिन्छ, मिलेर पहल गरौँ।' उनले करका विषयमा पनि छलफल गर्न सकिने बताए।
सिंहले महानगरसँग रहेको १७ कठ्ठा जग्गा पनि उद्योग व्यवसायका लागि दिन तयार रहेको बताए। महानगर प्रमुख सिंहले उद्योगहरुले दर्ताका बेला गरेका प्रतिवद्धता अनुसार प्रदूषण नियन्त्रणको काम गर्नु पर्ने दोहोऱ्याए।

# सिर्सिया नदी प्रदूषणमुक्त बनाउँन चाहन्छौँ



अनिल पटवारी
अध्यक्ष
वीरगंज उद्योग वाणिज्य संघ

**बुधबार यहाँहरुले महानगर प्रमुखलाई भेटेर के कुरा राख्नु भयो ?**

बिहान महानगर पुग्यौँ। तर आजको छलफल कुनै उपलब्धीमा पुग्न सकेन। उहाँहरु आफ्नै आन्तरिक छलफलमा हुनुहुँदोरहेछ। बिहीबार बिहान फेरि छलफल गर्ने भनेर समय पाएका छौँ।

**यहाँहरुको एजेन्डा चैँ के थियो ?**

हामी चैँ वीरगंज महानगरले आरम्भ गरेको रात्रीबजार, सिर्सिया नदी प्रदूषणमुक्त बनाउने अभियान, घरभाडादेखि उद्योगी व्यवसायीले भोग्नु परेको दोहोरो, तेहरो कर, कबाडी करलगायतका विषयमा कुरा गर्न चाहेका थियौँ। अब आउने बजेटबारे पनि केही सुझाव दिन चाहन्थ्यौँ।

**कुरा भएन उसो भए ?**

सिर्सिया नदी प्रदूषणमुक्त बनाउने विषयमा मेयरसाबको योजना राम्रो रहेछ। त्यसमा हामी साथ दिन चाहन्छौँ। सिर्सिया नदी सफा गर्नैपर्छ। दीर्घकालीनरुपमा सिर्सिया नदी सफा रहने गरी अभियान चलाउने पक्षमा हामी साथ दिन चाहन्छौँ। राज्य, प्रदेश, स्थानीय तहको योजनामा यस्ता सम्पदा सफा पार्न साथ हुने नै भयो। मेयर साबको प्लानमा काम गर्न तयार छौँ, अर्को चैँ फेरि देशकै अर्थतन्त्र धान्ने उद्योग व्यवसाय हो। उद्योग व्यवसाय कसरी चल्ने भन्ने विषयमा पनि सरकारको धारणा, साथ हामीलाई चाहिन्छ। नतिजा आउने गरी अभियान चलाएर सिर्सिया सफा पार्न हामी तयार छौँ। आज मोटोमोटी यही विषयमा उहाँको धारण सुन्यौँ। भोलि फेरि छलफल होला।

**बजेटबारे के धारणा छ ?**

बजेटमा करका विषयमा हामी स्थानीय सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ। अनेकौँ करको मार उद्योगी व्यवसायी खेपिरहेका छन्। स्थानीय तहले लगाउने करका विषयमा सहजीकरण गर्न चाहन्छौँ।

हामी चाहन्छौँ कि, वीरगंज महानगरले अहिले पाइरहेको भन्दा बढी कर पाओस्, दायरा बढोस्। यसमा वीरगंज उद्योग वाणिज्य संघ साथ दिन तयार छ। यसो भनिरहँदा नचलेका उद्योगधन्दालाई चलायमान बनाउने काममा पनि स्थानीय सरकारको साथ होस्। उद्योग धन्दा चल्ने वातावरण बनाइदियोस्। यही हो हाम्रो कुरा।

# खर्चै नहुने बजेट किन बनाउनु हुन्छ ?



अशोक टेमानी
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेश

**मेयरसँग यहाँहरुको छलफल कस्तो रह्यो ?**
मुद्दा वीरगंजलाई समृद्ध बनाउने हो। व्यवस्थित बनाउने हो। म आफू महानगरको सल्लाहकार पनि हुँ। भन्न त हामी आर्थिक, औद्योगिक राजधानी भन्छौँ। तर त्यस्तो केही अनुभूत हुने गरी काम भएका छैनन्। भर्खर बेसिक सरसफाइ, बत्तीका सुविधा पुगेका छन्। अब देखिने गरी विकासमा केन्द्रित हुनपर्नेछ। उद्योग धन्दा राख्नु पर्नेछ। तर औद्योगिक क्षेत्र छैन। त्यसैले दुई सय बिघाजति जग्गा खोजौँ भन्ने हाम्रो कुरा हो। एकै ठाउँमा उद्योग सञ्चालन गर्न सके राम्रो हुन्छ। अहिले खेतीपाती हुने एकाध ठाउँमा उद्योग चलेका छन्। यो राम्रो पनि होइन।

**उद्योगहरुले गर्ने फोहोरकै प्रसंग उठ्यो होला ?**
हो, उद्योगहरुबाट केही न केही पोलुसन (प्रदूषण) हुन्छ। उसको निकासमा फोहोर नै हुने हो। यसलाई नियन्त्रण गर्न सकिन्छ। तर हामीकहाँ एउटा उद्योग परवानीपुरमा छ, अर्को उद्योग जीतपुरमा छ। एउटा एउटा उद्योगको प्रदूषण नियन्त्रण असम्भव छ, महँगो र कठिन बनेको छ। त्यसैले एउटै स्थानमा औद्योगिक क्षेत्र बनाएर काम गरौँ भन्ने हो। एउटै क्षेत्रमा उद्योगहरु चलाउन सके उनीहरुको प्रदूषण नियन्त्रण गर्न वेस्ट वाटर ट्रिटमेन्ट प्लान्ट पनि जडान गर्न सकिन्छ। हामीले उठाएको विषय यही हो। तर जग्गा अभाव छ।

**तर सिर्सिया नदी त उद्योगहरुले प्रदूषित गरेकै हो नि ?**
सिर्सियामा पोलुसन भएकै हो। सर्वप्रथमतः त्यहाँ भएका उद्योगलाई नै विश्वस्त बनाउनु पऱ्यो कि, हामी गल्ती गरिरहेका छौँ, हामीले नै नदी प्रदूषित गरिरहेका छौँ, यसो नगर्न हामीले पानी प्रशोधनको कामलाई गर्नु पर्छ भनेर। यसरी उद्योगलाई नियमन गरी विश्वस्त बनाउन सके उनीहरुले उत्पादन गर्ने फोहोर पानी ६० प्रतिशत शुद्ध हुनेछ र त्यो पानी सिर्सियामा आउने छ। सुरुमा उद्योगलाई नै हामीले जिम्मेवार बनाउन सक्नु पर्छ। अनि सिर्सिया सफाइको अर्को अभियान पनि चालिनु पर्छ। उद्योगलाई जरिवाना मात्र गराएर हुँदैन। उनीहरुलाई जिम्मेवार बनाउन जरुरी छ। उनीहरुले पानीमा लेदो कम गर्नासाथ सिर्सिया सफाइ अभियान सहज पनि हुन्छ।

**वेस्ट वाटर ट्रिटमेन्ट प्लान्ट जडान त महँगो प्रक्रिया हो नि ?**
हो, उद्योगहरुलाई जिम्मेवार बनाएपछि हामी औद्योगिक क्षेत्रको समग्र सुधारका लागि वेस्ट वाटर ट्रिटमेन्ट प्लान्टमा जान सक्छौँ। यसलाई अलि दीर्घकालीन सोचेर काम गरौँ, दाताहरु खोजेर जडान गर्न सकिन्छ भने महानगरले पहल गरौँ भन्ने हो। महानगरले अभियान चलाए सफल हुन सक्छ भन्ने लाग्दछ।

**रात्रीबजार चैँ अब कसरी चलाउने योजना छ ?**
वीरगंज महानगरपालिकाले चलाएको अभियान राम्रो रह्यो। उसले गरेको अगुवाइको रात्रीबजारले राम्रो सन्देश पनि गएको छ। वीरगंजको व्यापार व्यवसायको प्रवर्द्धन पनि भयो। तर सधैँ महानगरले यसरी खर्च गरेर सम्भव छैन। अब यसलाई व्यवस्थित गर्न उद्योग वाणिज्य संघहरु नै अघि बढ्नु पर्छ। रात्रीबजार व्यवस्थित गर्न व्यापारी लाग्नु पर्छ। यसका लागि महानगरपालिकाले कुनै निश्चित स्थान दिनु पर्छ। यो विषयमा वीरगंज उद्योग वाणिज्य संघले पनि छलफल चलाउनु पर्छ। निश्चित स्थानमा बजार तोकिएपछि व्यापारी व्यापार गर्न आइहाल्छन्। रह्यो कुरा सुरक्षाको, प्रहरी प्रशासनले सुरक्षाको प्रत्याभूति गराउनु पर्छ। नीति र मोडल बनाएर रात्रीबजार व्यवस्थित गरिनु पर्छ।

**फेरि उद्योगी व्यवसायीका करका गुनासो पनि छन् नि ?**
हो, स्थानीय, प्रादेशिक, संघीय अनेक करको झमेला छदैंछ। सुरुमा त स्थानीय तहमै अनेक कर छन्। एउटा स्थानीय तहमा तिऱ्यो, अर्कोमा त्यही कर फेरि तिर्नु पर्छ। व्यापारी असुरक्षित छन् राजमार्गका करबाट। कतै कबाडी कर, कतै सम्पत्ति कर, कतै घरभाडा कर। अनेक करले व्यापार व्यवसाय चलायमान नभइरहेका बेला समस्या परेको छ। यसमा महानगरसँग बसेर एउटा गृहकार्य गरौँ, स्थानीय तहलाई कर बढोस्, व्यापारीलाई करको झमेला नबढोस् भनेर हामी छलफल गर्न चाहन्छौँ। सहमतिमा पुग्न सक्छौँ। महानगर तयार पनि छ।

**नयाँ बजेट कस्तो अपेक्षा गर्नु भएको छ ?**

बजेटका विषयमा हामीले केन्द्र सरकार, प्रदेश सरकारसँग पनि एकचरण भेटेर छलफल गरेका छौँ। संघ सरकारका अर्थमन्त्रीसँग पनि छलफल गरेका थियौँ। पछिल्लो वर्षहरुमा विनियोजन भएका बजेट खर्च नै भएनन्। जब बनाइएको बजेट खर्च हुँदैन भने त्यस्तो बजेट बनाएर किन समय र अर्थतन्त्र बर्बाद पार्ने भन्ने हाम्रो प्रश्न छ। ५० ठाउँमा बजेट विनियोजन भइरहेको छ। बरु पाँच ठाउँमा गर्नुहोस् तर कार्यान्वयन हुने गरी गर्नुहोस् भनेका छौँ। जस्तो, जेसुकै बजेट बनाउँ तर खर्च गर्न सकिने गरी बनाउँ भनेर सुझाव दिएका छौँ। यदि यसरी बजेट बनाउँदा कुनै कानुनले रोकेको छ भने त्यस्तो कानुन नै खारेज गर्न सुझाव दिएका छौँ। हामी त व्यापार गर्ने समुदाय। बजेट अर्थ व्यवस्था सुधार्ने ल्याउँ राजनीतिक कार्यकर्ता खुशी पार्नेगरी होइन भनिरहेका छौँ नि! केन्द्र प्रदेशले ल्याउने बजेटमा सरलीकृत होस्, कनिका छरेजस्तो नहोस् भन्छौँ। प्रदेशलाई पनि यही भन्छौँ। यस्तो बजेट आओस् भनेकै छौँ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन